" नेपाली साहित्य जगतमा कमल भुजेलको कृति थपिनु भनेको सयमा एक थपिनु हो, जसले साहित्यको ढिकुटीमा केही अंश जोँड्नु हो ।आफ्ना फूटकर कविताहरुको संग्रह, "प्रस्फुटित आवाहरु" तयार पारेर पुस्तक प्रकाशित गर्ने आँट, जोश र उमंग लिई कमर कसेका कमल भुजेलको यो प्रथम सत्प्रयास अवर्णनीय छ । यसले साहित्य-बाटिकामा एक महत्त्वपूर्ण अभिभारा ग्रहण गर्नेछ भन्ने पूर्ण विश्वास छ।

भविष्यमा अझ उच्चकोटीका कृतिहरु प्रदान गर्न सकुन् भनि आशा साँचेको छुँ।

यो शुभयात्रामा हार्दिक शुभकामना र शुभेक्षासहित आशिष..."

जेनिफर जर्ज

सन्त अल्फन्सस् उ० मा० विद्यालय, खरसाङ ।

" कमल भुजेलले आफ्नो रचनाको पृष्टभूमि अतिनै असल ढंगमा प्रस्तुत गरेकाछन्। साहित्य क्षेत्रमा सबैभन्दा गाहो क्षेत्र कविता रचना गर्नुमा हुन्छ। कल्पना गरेको अंश उँहाको रचनामा अधिकता भए पनि वास्ताविक पूर्ण-यथार्थ चाँहि पक्का छ । अन्धविश्वासको परम्परालाई उँहा तिरस्कार गर्नुहुन्छ। एकार्कमा प्रेम, सहयोग र सम्झौताको खाँचो देखा पर्छ उँहाको रचनाहरुमा । मानवतावादमा उँहाको ठूलो अनि एकमात्र विश्वास छ।"

नवराज शर्मा (तिमसिना)

सन्त अल्फन्सस् उ० मा० विद्यालय, खरसाङ ।

॥ प्रस्फुटित आवाजहरु ॥ कमल भुजेल

॥ प्रस्फुटित आवाजहरु ॥

कविता संग्रह

कमल भुजेल

लैनसिंह बाङ्देल साहित्य-कला प्रतिष्ठान
प्रकाशन

KAMAL BHUJEL

M.Sc. (Physics), B.Ed.

Ph.D. (physics cont.)

kamalaawaz@gmail.com

॥ प्रस्फुटित आवाजहरु ॥

(कविता संग्रह)

कमल भुजेल

लैनसिंह बाङ्देल साहित्य-कला प्रतिष्ठान
प्रकाशन,
कलकत्ता, पश्चिम बंगाल

|| PRASFUTIT AAWAJHARU ||

(KAVITA SAMGRAHA)

KAMAL BHUJEL

सम्पर्क-

KAMALAAWAZ@GMAIL.COM
PRABHATPATRIKA1950@GMAIL.COM

प्रकाशन काल

अक्टोबर-२०१६

प्रकाशक:

लैनसिंह बाङ्देल साहित्य-कला प्रतिष्ठान
कलकत्ता, पश्चिम बंगाल।

मुद्रक :
जी डी प्रेस, कलकत्ता।

मूल्य : १००/-

प्रकाशकीय

धेरै थिएनौं। थियौं थोरै। थोरै हाम्रो सामु थिए धेरै प्रतिकूलताहरू। तर हामीसँग भाषा साहित्य अनि कलाको फाँटमा ठोस् केही गर्ने चोखो र चर्को हुटहुटी थियो। हाम्रो त्यही हुटहुटीको घर्केरीमा हामीले २० अप्रेल २०१३ को दिन **"लैनसिंह बाङ्देल साहित्य-कला प्रतिष्ठान"** उभ्यायौं।

स्थापनाको दोस्रो वर्ष अर्थात् सन् २०१४ देखि पचासको दशकमा लैनसिंह बाङ्देलद्वारा सम्पादित अनि मासिकरूपमा बाह्र अङ्कसम्म निरन्तर कलकत्तामा प्रकाशित पत्रिका **"प्रभात"**-को त्रैमासिक रुपमा पुन: प्रकाशन थालेका छौं।

सोही वर्ष भाषा, साहित्य अनि शिक्षाको क्षेत्रमा अमूल्य योगदान पुराएबापत कलकत्तामा नै जन्म ग्रहण गरेका ख्यातिप्राप्त साहित्यकार अनि शिक्षाविद स्व. राजनारायन प्रधानलाई प्रथम **"लैनसिंह बाङ्देल स्मृति पुरस्कार"** प्रदान गरिने काम भयो। दोस्रो **"लैनसिंह बाङ्देल स्मृति पुरस्कार"** सृजक झमक घिमिरेलाई प्रदान गर्न हामी उनकै ठाँउ धनकुट्टा (नेपाल) पुग्यौं पोहोर २०१५ मा।

प्रतिष्ठानका संस्थापक सभापति श्री गणेश कुमार प्रधानकृत उनको पाँचौं पुस्तक "कलकत्तामा सृजनाका फूलहरु" प्रतिष्ठानबाटै यही चल्ती वर्ष (२०१५) मा प्रकाशित भएको हो। त्यसमा कवि भाइ श्री कमल भुजेलको कविता संग्रह **"प्रस्फुटित आवाजहरु"** थपिंदा आजसम्मको हाम्रो खुशीमा अझै खुशी थपिएको छ।

भाइ कमल थालनीदेखि नै हामीसँग छन्। प्रतिष्ठानद्वारा आयोजित सभा, गोष्ठी, कार्यक्रमहरुमा आफू मात्र नआइपुगेर आफूजस्तै लक्का युवाहरुलाई ल्याएर ती उपस्थितिहरुमा थपिदिनु यिनको बेग्लै किसिमको योगदान सबैले टिप्नलायक छ।

भाइलाई उनको प्रथम कविता संग्रह प्रकाशनको सुखद क्षणमा प्रतिष्ठानको तर्फबाट हार्दिक बधाई टक्राउदछौं साथै यिनको उत्तोतर सफलताको कामना गर्दछौं।

लैनसिंह बाङ्देल साहित्य-कला प्रतिष्ठान

कलकत्ता।

विकल्पको खोजीमा कमलका कविताहरु

कमल भाइसित भेट भएको लैनसिंह बाङ्देल साहित्य-कला प्रतिष्ठानको गठनकै समयमा हो। उनी कलकत्तामा विद्यार्थी । हामी यस्तै, समाजको निम्ति, जातिको निम्ति, भाषा-साहित्य र संस्कृतिको निम्ति केही गरौं भन्ने, उर्जाशील विद्यार्थीहरुलाई लिएर भाषा-साहित्य र समाजको निम्ति केही गरौं भन्ने चाहमा अघि बढ़िरहेकाहरु । तबदेखि अहिलेसम्म हामी संसर्गमा रहेका छौं । कमल कविता लेख्छन् , र लेखहरुपनि । उनको लेखनमा एउटा युवा जोश छ । आफ्नो समाजको निम्ति केही गरौं भन्ने चाह बोकेर हिँड़ेका उनी तर जब-जब समाजको बागडोर लिएर हिँड्ने अगुवाहरु बिपथ हुन्छन्, तब कमलको मन बिचलित हुन्छ । उनको मनमा ठेस् लाग्छ र तिनै कुण्ठा र निराशाले जन्माउछन् कविताहरु । वर्तमान समाजमा घटिरहेको बिसंगतिहरुले कमल विचलित हुन्छन्। समाजमा दैनन्दिन घटिरहेको यिनै घटनाहरु नै कमलका लेखनको, कविताको मूल स्वर हुन्।

पहिला पहिला कलकत्तामा बसेर पढ्ने विद्यार्थीहरुले आफू संगठित भएर नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण गरेका थिए । जसमा इतिहासविद/साहित्यकार डा. कुमार प्रधान, लैनसिंह बाङ्देल आदिको नाम स-सम्मान लिन सकिन्छ । उनीहरुले कलकत्तामा नेपाली भाषा र

साहित्यको उत्थानमा महत्वपूर्ण भूमिका निभाएका थिए। त्यो परम्परालाई पछि आउने विद्यार्थीहरुले निरन्तरता दिन सकेनन्। त्यो शून्यतालाई केही हदसम्म भएपनि कमलले निभाएका छन्, सिंगो पुस्तकको प्रकाशन गरेर।

प्रगतिवादी धारामा बगिरहेका कमलका विचारमा उत्तेजना छ। मनमा भेल उठेर आँउछ। यसैले उनी लेख्ने गर्छन् –

"खोलाको झरना हूँ भन्थ्यौ,
तर शीतको थोपासित किन डराउँछौ ?
ज्वालामुखी हूँ भन्थ्यौ,
तर आगोसित किन डराउँछौ ?"

साहित्यले मात्र समाजलाई जोड़ेर राख्छ भन्ने बिश्वास राख्ने कमलले आफ्नो मनका ज्वालाहरु समाज समक्ष प्रकट गर्छन्, कविता र लेखहरुको माध्यमद्वारा। विज्ञानले दिन दुइ रात चौगुणा प्रगति गरिरहेको समय, हाम्रो समाजमा भने देशभित्रै परिचय संकटको पीडा बोकेर राजनैतिक अस्थिरताको चरम संकट भोगिरहेको यो अवस्थामा युवा समाज कुण्ठाग्रस्त छन्। दिशाहीन छन्। समाजको जात जातमा विभाजनले एक वर्गका युवाहरु कुणठित छन्, जो जातीयपन मनपराउँछन्। यिनै कुण्ठाग्रस्त युवा जमातको सानो उदाहरण हो कमल। जसले समाजवादी विचार राखेर समाजलाई सधैँ जोडिएको हेर्न चाहन्छ। कमलका कविताहरुमा पाइने विचारका धाराहरु, कविताका छन्दहरु,

सिके पनि । र धेरै किताबहरुको प्रकाशनमा सहायता पनि पुऱ्याए। र मलाई अब किताब छाप्नु सस्तो पऱ्यो । नजानेर पो महङ्गो थिएछ । आफ्नो विचार लेख्नु त साह्रो छ नै तर यसलाई समाजमा पुऱ्याउन झन् गाह्रो । यो दौड़मा नै मैले बुझे कि लक्ष्य प्राप्त गर्नु नै सफल हुनु होइन रहेछ, जीतलाई बुझ्नु हो भने हारेको पनि हुन पर्नेरहेछ,लड़ेको हुनुपर्नेरहेछ, कुनै आकारमा आँउनु हो भने भट्टीको आगोमा पग्लिएको हुनुपर्ने रहेछ ...

"साँचो सिपाहीलाई युद्धको अवसर पाउनु नै जीवन तृप्ति हो,
मृत्यु नै किन नभोगोस्, ठोक्किनु, घस्रिनु पनि सफलता प्राप्ति हो ॥
गिलो माटो पनि आगोमा होमिएरै आकारको ईटा बन्छ,
चामल पनि उम्लिएरै भात,
तड्पनु कहाँ छैन र जहाँ उत्कृष्ट हीरा खानीमा निस्सासिएरै लिन्छ सास॥"

सङ्घर्षले नै आकार दिन्छ समाजलाई पनि। सामजमा धेरै आयामहरु रहेछ र समाजमा विविधता पनि। जे होस् समाजको पूर्ण विकास भएको सपना छ, सबैले रुन परे पनि जीवनमा निसंकोच हाँस्न पाओस् एउटा प्रतिवद्धता छ।

अनि मलाई जीवनमा प्रेरणा दिनुहुने प्रत्येक प्रति नै म आभारी रहनेछु ।

कमल भुजेल ,
खरसाङ ।

कविताभित्रका मर्महरु आम भारतीय गोर्खाहरुले शासन र आफ्नै स्वार्थीपना लिएर समाजलाई डोहोऱ्याउनेहरुबाट अवहेलित भएकाहरुको पीड़ाका स्वरहरु हुन् । उनी कविता मार्फत आफ्ना आक्रोशहरु पोख्छन् उनी आजको समयदेखि, आजको व्यवस्थादेखि आक्रोशित भइ किसान/मजदुरहरुको पक्षमा परिवर्तन गर्ने कुरा कवितामा यसरी गर्छन्-

परिवर्तन गरौंनँ हामी, यहाँका यी सिस्टमहरुलाई
के हामी खटी नै रहरनु, अरुहरु चैं ठगी नै रहोस् ?
परिवर्तन गरौं नँ हामी, प्रत्येक दिन मेहनत गर्ने मजदुरहरु मिली ।

म आशावादी छु । कमलहरुले देखेको सपना दिवास्वप्न हुनेछैन । एकदिन निश्चय नै सपनाहरु बिपनामा साकार हुनेछ । सुभकामनाको साथमा ॥

बिकाश कार्की
सलुवा/ कलकत्ता

प्रसफुटित आवाजहरुको असर

दार्जीलिङ जस्तो जगहमा साहित्य रचना गर्नुको अर्थ धेरै रहेछ। २००३ साल जब म सातौं श्रेणीमा अद्ययनरत थिए, विद्यालयमा कविता आवृति प्रतियोगिता हुने भयो, मैले भाग लिएको थिएँ। जीवनमा पहिलोचोटि कविता वाचन गर्ने भए कसै अरुको । तर मैले त्यतिबेला एउटा कविता लेखिपठाए "तिमी किन बद्लिरहेछौ ?" र म आफ्नै कविता वाचन गर्ने भए। लगत्तै फेरि अर्को कविता कोरे, अलिक लामो, "अब तिमी बद्लिनुपर्छ" । कविता सबैले मनपराएर होला म कविता लेख्नसक्छु भन्ने विश्वास भयो। शुरुमा जिस्काए पनि धेरैले। स्वाभाविक हो अफ्ठ्यारो लाग्थ्यो नै । त्यसबेला सन्त अल्फन्सस् विद्यालयका शिक्षकवर्गको ठूलो भूमिका रह्यो मैले कविता लेख्न थाल्नमा । विद्यालयको आवृति प्रितियोगितामा जीत त भयो तर यसले मलाई झन् कविता लेख्ने प्रोत्साह दियो। त्यस पछि अन्य ठाउँहरुतिर पनि कविता वाचनको निम्ति जान थाले र धेरै ख्यातिप्राप्त कविहरुको संसर्गमा पनि पुगे। त्यसपछि मलाई थाहा हुनलाग्यो कि कविताको एउटा परम्परा रहेछ । वादहरु रहेछन् र दर्शन पनि। सबैको कविता एकै किसिमको नहुँदोरहेछ। सबैले सबैको निम्ति कविता लेख्न नसक्दो रहेछ। ध्रुवीकरण भएको रहेछ। "साहित्य समाजको दर्पण हो" भनेको सुनेको, पढेको तर कविता लेख्न थालेपछि बुझ्न थाले। थरी-थरीका कविताहरु पढ्न पाइयो। र प्रश्न थियो म

कसको निम्ति ? कला, कलाकै निम्ति भने जस्तै जेको पनि लेख्न त मिल्थ्यो नै होला तर मैले लेखिसकेको कविताले बाटो पहिल्याइ सकेको थिएछ। हाम्रो शोषित समाजको आवाज गुञ्जिन पुगेको रहेछ । तर सबै कवितामा यस्तो आवाज त रहेनछ । म अलमल्ल पनि परे। तर समाजमा जति नै दु:ख भए पनि हाँस्ने प्रहर आउँद नै रहेछ । यी शोषित आवाजहरु पनि भुल्लिने गर्द रहेछ हाम्रो समाजमा। जति नै दमन/अत्याचार भए नि नाँच्द नै रहेछ चाड़-पर्वमा । मलाई अनौठो पनि लागेको शुरुमा कसरी हाँसेका होलान भत्भतिने मुटु निचोरी-निचोरी । मानिसलाई जब आफ्नो लक्ष्य धमिलो लाग्न थाल्दोरहेछ तब स्वभिमानको आवरण पनि चोइटिन थाल्दो रहेछ। समाज नै अभ्यस्त हुँदो रहेछ यसरी जिँउनुमा । कसैलाई अप्ठ्यारो नै लाग्दैन रहेछ जति नै जाति पछ्याउटे भए पनि। समाजले आफ्नै मूल्य र मान्यता बनाएर चल्दो रहेछ संसारबाट अलग्गिएर । आफ्नो क्षेत्रभित्र मख्ख पर्ने प्रवृतिले मूलधारामा जोड़िन कुनै सङ्कल्पबिना पनि बाँच्दो रहेछ समाज । र यही कुरा हाम्रो दार्जीलिङे साहित्यले झल्काइरहेको थियो। विश्व साहित्यको तुलनामा केही गर्ने ईरादा राखेका बिरलै पाइयो अनि त्यसैमा मख्ख पनि।

मेरो कविता छाप्ने इच्छा २००३ देखिकै हो तर मिलेन । दार्जीलिङ जस्तो जगामा एउटा किताब छाप्नु त आफ्नो रिटायर भाको पैसाले घर नबानाएर किताब छापेको देख्दा नसक्ने नै भयो। र सरकारी पनि त्यस्तो कुनै व्यवस्ता

थिएन। अब आफ्नो किताब नछापेर कुनै पत्रिकामा दिन सोचेँ अनि दिन थाले त्यस पछि भने मेरो यहाँका साहित्यकारहरु सित मज्जाले भेट भयो। कम्युनिष्टहरु के कट्टर हुन्छन् त्यो भन्दा कट्टरता मैले देखे। साहित्यिक गुट हुदो रहेछ म कता जाउ-जाउ भ।कसैले यो कहाँ कविता हो पनि भने। शायद थिएनन् पनि होला, तर म पनि १४-१५ वर्षको कहाँ कवि नै थिए र ? मबाट तिनीहरुको स्तरको कविता खोजे, कसरी लेख्ने ? झन् अलमल्लिए....

२००६ मा दशौं श्रेणी पुगेको, बोर्डको परीक्षा पनि, त्यसैले मैले लेखेको कविता यही चारसालसम्म थुप्रिरह्यो। २००७ देखि कविता लेख्दै नलेखेको त होइन तर फटाक-फुटुक मात्र। तर त्यसबेला छन्द सिकेपछि छन्दमा लेख्ने चासो बढ्यो। र छन्द र अलङ्कारमा पनि लेखे। समय बित्दै गयो। कविता थुप्रिंदै जाँदै थियो तर पुस्तकको ढाँचा पाउने साइत नै जुड़ेन। पछि कलकत्ता कलेज पढ्न जाँदा विकास दाँजु र सञ्जीव दाँजुले फेरि कःविता लेख्ने उत्साह दिएपछि आफै बौड़िउठेको जस्तो पनि लाग्यो। दाँजुहरु पनि कलकत्तामा साहित्यको सेवा पुऱ्याइरहेका तर यहाँ मैले कुनै गुट देखिन, साहित्य अकाडमीको रेसमा कुदेको देखिन। साहित्य सरल समाजको प्रतिविम्ब। पुरस्कारको निमति समाजलाई कता छाड़ेर आफू कहाँ माथी भएको साहित्य थिएन। त्यस पछि मैले निधो गरे, छाप्ने। तर चुनौती धैरै थए। तर डगमगाइन अब। मैले प्रेसको काम सबै सिक्नु पऱ्यो।

सूची

१)	२ लहरे	१
२)	ठेस	७
३)	इच्छा	८
४)	विलिन	८
५)	तिमी किन बद्लिरहेछौ ?	९
६)	छन्द यात्रा	१०
७)	अह !!! वर्ण यात्रा	१६
८)	सम्बोधन	१९
९)	फूल	२०
१०)	दार्जीलिङले फेरि शहीद जन्माउला	२१
११)	विवरण व्यक्तिबारे	२३
१२)	सौगातको मार्मिकता	२५
१३)	सम्झौता	२६
१४)	माया	२७
१५)	म भित्रको चाहना	२९
१६)	म त खै	३०
१७)	चाहना	३१
१८)	तिम्रो इज्जत कसरी गरुँ ?	३२
१९)	निराशावाद	३५
२०)	प्रक्रिया सपनाको योजनाको	३७

x

२१) विवरण जीवन शैलीबारे ३८
२२) आशा ३९
२३) कसको निम्ति ? ४०
२४) चाहिएको पक्का मान्छे ४१
२५) स्मृति ४४
२६) रण ४५
२७) एषणा ४५
२८) समर्पण (आदि कवि प्रति) ४६
२९) प्रतिकूल ४७
३०) शिथिलता ४८
३१) मलाई बाँच्न डर लाग्छ ४९
३२) जीवन चिन्तन ५०
३३) दुविधा ५१
३४) अब तिमी बद्लिनुपर्छ ५२
३५) जीवनबोध ५३
३६) बाँच्न नै ? ५६
३७) अभिलाषा ६१
३८) स्वाभिमान ६१
३९) निक्यौंल ६१
४०) वास्तविकता ६२
४१) किरायको घर ६२

२ लहरे

१. मुटुमा साँची राखेको त्यो असीम माया नै फुत्केपछी,
पछिबाट आएका साना तर धेरै मायाहरु पनि चुँहुदोरहेछ त्यही प्वालबाट ॥

२. शिर उठाएर हिड्नुलाई नै इज्जत भन्नु हो भने अधुरो छ यो समाज,
आँशु खस्दा निहुरिने यो शिरले जगगा कहाँ पाउने एउटा सन्तुष्टिको ॥

३. म आफैमा खुशी छु यो मेरो परिभाषा हो, मेरो अफ्नो जीवनको,
कति हिर्काउछौ तिम्रो परिभाषाले मलाई, मेरो मुस्कानलाई ईर्ष्याले ॥

४. जबर्जस्ती पनि होइन कसम खुवाएको पनि होइन केवल जाउ भनेको
तिम्रो खुशी भएको ठाँउमा मेरो पनि हाँसो हराएको ठाँउमा केवल खोज्न ॥

५. मुटु पनि चर्कँदो रहेछ, मायाको ओजन बढेपछि समय नपुगी,
तर टालेर यो नहुने भो, नआए अर्को माया उमार्ने मर्छ यो पनि॥

६. माया रोप्ने बारी न हो यो मुटु, ऋतुसँगै परिवर्तन हुन्छ फसलहरु
फेरिएला माली, उम्रिएला, तर साँचो खेतको प्रेमी,
जरा गाडेर वृक्ष हुन्छन् फलहरु ॥

७. कति पोख्छौ, कति बक्छौ तिम्रा ती कुण्ठाहरु,
मिल्काइ देऊ, भत्काई देऊ, झन्झट लन्ठाहरु ॥

८. एह ! मैले त सपना नै बिर्सिएछु, राती फेसबुकसँगै सुतेको !

९. झसङ्ग भए नि तिमीले बोलाउदा, "म" कुन्नि कता थिएछु....

१०. रहर जाग्यो कि सपना देख्न थाल्छु समय बितिहाल्छ नि !!

११. ए जीवन? बिताउनको लागि होला ! जीवन त खै कुन्नि..????
दुइवटाको पार्थक्यता के? कसैले देखेनन्-देखाएनन् बताएनन् ॥

१२. पानी पिअ छिटो नत्र सेलिएला !

चिसो पानी र सेलिएको पानीमा पानी अन्तर त छ नि ॥

१३. मेरो बिमार नै बिर्सनि, त बिर्सनेको दवाई गर्न कसरी सम्झने ??

१४. गाउँमा त सेल्लिनुलाई चिसो भएछ भन्थे, तिमीले मलाई "कूल" भएछ भन्दा त,
...हंसले ठाउँ नै छाड्यो, शब्दहरु पनि खै...

१५. पढ्दै गर्दा हजारौ न्युटन बल पनि कमै लाग्थ्यो,
प्रकाशको गति पनि केही न केही जस्तै लाग्थ्यो,
तर केवल १ न्युटनको ठक्कर खादै प्रकाशको गति पनि अनुभव भयो,
यही रहेछ व्य:वहारिकता ॥

१६. (आमाले रिससरी छोरालाई) ठ्याम्मै दिन्छु है, रिस नउठाइबस् है !
(छोरा मुसुक्क हाँस्यो – ठ्याम्मै-को अर्थ बुझेन रहेछ, शब्द पुरानिन्दै गएका ले) ॥

१७. डराउनै हुँदैन उद्देश्य बोकेका रहरहरु, औ कड़ा ढुंगामा थोपाले कुदेको,
खाल्डोमा लुकेको हुन्छ सबैको चाहना,शायद यसैलाई गाह्रो भनौं भनेको॥

१८. कसले के विकल्प दिने कुण्ठित मनका हँसिला मखुन्डोलाई,
सधैं नै फत्फताइरहन्छ गालीको झटारो हिंर्काउदै,
सन्तुष्टि कहाँ पाउने ? तारो बिना झटारो कहाँ लाग्ने ॥

१९. उहिलेदेखि नै चल्दै आइरहेको थिएछ, आज मैले थाहा पाँउदा,
निकै बढ़ेको भने, थाहा नपाउदा थिँदै थिएन – सञ्चो ॥

२०. मलाई ठक्कर खानु, लड्नु, हार्न सिक्नु थियो,
तर तिम्रो परिभाषाले म असफल थिए,
मलाई लक्ष्य पुग्नु थिएन, धर्बीरिंदै भए पनि फेरि उठ्नु मात्र थियो ॥

२१. बेस्सरी समातेको ठाउँ पो फुकाउनु पर्छ,
अलिकति स्पर्श मात्र गरेको ठाउँलाइ एकोहोरो हिर्काएर कहाँ हुन्छ र ?
२२. अल्मलिन्छ यो मन, चुल्बुलाँउछ झन्, शान्त हुन नै ठान्दैन किन ?
तपश्य मागेको न भोग-विलास, एकाग्रित हुन नै मान्दैन किन ??
२३. माली र मिस्त्रीको के पर्वाह, इमारत अग्लिएपछि,
बगैंचा ढकमक्क फुलेपछि,
बस्नेलाई घर चाहियो, सजाउनलाई फूल, नाम आँउदैन सर्जकको,
नीतिलाई नै भुलेपछि ॥
२४. के ब्याख्या गरुँ म प्रेमको यो ठक्करालु भिरालो संसारमा,
ईर्ष्यामै मजा आउने, मीठो पाइलैपछिको प्रहारमा ॥
२५. चाह त सबैको शान्ति नै हो, तर हल्लाभित्रको एकान्तमा डर छ,
आह पनि सबैको क्रान्तिको, पर पल्लाभित्रको समानतामा भर छ ॥
२६. लक्ष्य जब सँगालिएकै नभए, जीवनको आवण्टन नै नगरेको भए,
शायद यो ढकमक्क जीवन तिम्रो निम्ति मात्रै समर्पण गर्थे ॥
२७. तिमीलाई दुःख केको ? कसैको आँखामा आँशु चम्कियो,
मोतीले चम्केको मुहार तिम्रो, वेपर्वाहले झन् दम्कियो ॥
२८. तिमी त्यो धागोले बनिएकै होइनौ, जो तरङ्ग सृष्टि गर्छ,
मिल्दैन त्यसैले आस्थाहरु, केवल भ्रम-बेरङ्ग दृष्टि झर्छ ॥
२९. बाटो खन्न छोडे पनि फूल रोप्या रोप्याई छ, जग्गा-जग्गा,
उजुरी गन्न छोड़े छैन अज्ञेयले, गौंरेटो खोज्नु पर्दा टोकाहा ॥
३०. टिल्ल टल्कनेलाई टपक्क टिपेर ट्युईंया टप्क्याऊ ? टक्क टुक्र्याऊ ?
ट्वाल्ल टोल, टोलीको टुमाउटे टीका-टोकाहा, टिपामा टाउकोको टोप ॥

३१. जनतन्त्रको जत्था जताततै, जार र जङ्गेको जरा जोरले जगट्याउन,
जुगौंको जनान्दोलन जनतालाई जघन्य ज्वालामुखीबाट जोगाउन ॥
३२. झुल्किन्छ झलमल्ल झलस्स झीलमा झर्लम्म झ्याउँ-झ्याउँ झोंकहरु,
झ्याम्मिन्छन् झ्याम्टाका झ्याम-झ्याम, झोपड़ीको झस्को सित झ्वाट्टै झ्वाम्मै ॥
३३. कोइलाको मैला डङ्गुरबाट हीरा निकाल्न पो साह्रो,
सङ्घर्ष गर्न पर्छ, मैला लाग्छ,
के मतलब, मैला हीराको इतिहास सित मूल्य तिर्नेलाई,
सजाएपछि त उत्कृष्ट नै लाग्छ ॥
३४. साँचो सिपाहीलाई युद्धको अवसर पाउनु नै जीवन तृप्ति हो,
मृत्यु नै किन नभोगोस्, ठोक्किनु, घस्रिनु पनि सफलता प्राप्ति हो ॥
३५. कहाँ साहसी भन्न सकिन्छ र युद्ध नै नलड्केका सिपाहीलाई,
कहाँ प्राप्त गर्न सकिन्छ र सपना नै नदेखेको रहर मात्रको लक्ष्यलाई ॥
३६. ढुंगालाई पनि पुरै दुख्छ जब मूर्तिकारको प्रहार पर्छ,
तब त सुन्दर मुर्ति बन्छ,
खोपाइलाई नबुझ्नेले हिर्काएकै भन्छ, ढुंगालाई मूर्तिमा ढाल्दा ॥
३७. गिलो माटो पनि आगोमा होमिएरै आकारको ईंटा बन्छ,
चामल पनि उम्लिएरै भात,
तड्पनु कहाँ छैन र जहाँ उत्कृष्ट हीरा
खानीमा निस्सासिएरै लिन्छ सास ॥
३८. अहिले कमाको पैसाले आजै किनेर खानेले, कहाँ बुझ्छ यति सजिलै,
कसरी गरिएको थियो दस वर्षदेखि स्यार सुसार आज कस्तो मजाले ॥
३९. मन्दिर जाओस् वा मस्जिद. हिमालय वा सागर,

खुशी नै चाहन्छौं मानव जगतको भने,
छोड़िदेऊ उसलाई खुशी छ जहाँ, वाधा बन्नु किन बनेर नदीको बगर ?
४०. मेरो झुकाइले तिमी उठेर स्वाभिमान बनाउन सक्छौ भने,
झुक्न मलाई गाह्रो किन, झुकिदिन्छु कैयौंपल्ट यदि एउटा इतिहास बन्छ भने ।
४१. दु:ख गर्न सिकेकै किन ? अरुलाई माया, सुख-खुशी दिन,
थाहा छ दु:खले पिरोल्छ, भन्याले नै सुखीलाई यसको पीन ।
४२. ठाँड़ो राख्या कारण नै यो हो, छेउको स्पर्शले बेसी पोल्छ,
ठाँड़ो हिड्याँ नै गाह्रो हो, जिउको पसिना खसे ऋषि बोल्छ।
४३. फ्री हुनु भनेको त झन् समाजलाई सजाउनु हो, कहाँ आफ्नो मजा हेरेर
दायित्वलाई लत्याउनु हो,
४४. तिमी पनि हिड़िरह्यौ यात्रामा सहयात्री नपाएपनि, म रुमल्लिरहे
मात्रामा शब्दले अर्थ हराए भनी ॥
४५. सपना सजाउन नै कठिन, चर्किएर धराप हुन्छ भनी, विपना लजाउन नै
जटिल, तर्किएर सराप हुन्छ कि भनी ॥
४६. थाहा छ उसलाई गल्तीहरु आफ्नो, सुधार्ने आकांक्षा कहाँ ?
जहाँ छ सलाई भयहरु पड्क्ने, सल्काउने महत्वकांक्षा कहा ?
४७. तिमीलाई पनि इमान्दारिताको रहर नआएको होइन नि, थिएन र आयो
भएकाहरुलाई त कहाँ आउँछ रहर, रहरमै मख्ख विपना नै हरायो ॥
४८. समानता चाहिन्छ नै, सँगै जीवन धान्न जुनसुकै विधा किन नहोस्,
माथिको-तल, तलको-माथि आउन नै पर्छ मान्न, सुनसितै फलाम किन नहोस् ॥
४९. असफलताहरुले लटरम्मै झुलेको रुखले कहाँ जस पाउला झुक्नुको,
सम्पत्ति सबै हराएपछि मान्छेको झोंकमा कहाँ प्रशंसा भुक्नुको ?

५०. फलामलाई खुकुरीको आकार दिन के पिटेको थियो त्यो फुत्कियो,
कटमेरो आकार नै घुमिरहेछ देखाउदै भय,
अलिक ताप सहेको भएत के हुन्थ्यो?
५१.सपना हुनेले नै सपना भएकालाई चिन्दछन् यो इतिहासमा,
सपना भएकैहरु छन् इतिहासमा र बचाउँछन् हुनेहरुको हर सासमा ॥
५२.मृत्यु दण्ड देखेर संसारको प्राणी यदि चेत्तिने भए,
कहाँ टोक्थे होला मच्छरले वाध्यता छ प्रविति सय रहे ॥
५३.देखेर मात्र के गर्नु स्वच्छ हिमालय, घस्सिएर ढुङ्गामा,
मन अस्वच्छ नै रहे, धार भुत्ते नै रहे, रगड्डिएर बित्थामा ॥
५४.उठिहाल्छ नि जोड्ले लडेर पनि, जब उचाँईमा चढ्केै नभए,
हाँसिहाल्छ नि रडले रोपेर पनि, जब घोँचाइ बढ्केै नभए ॥
५५.सम्मानले खानु दिएन, व्यवस्थाले गरिखानु दिएन,
इमानले मोल पाएपछि बजारमा, चोरिखानु भय रहेन
इमान्दारीले पेट अघाएन, खाली पेट भराउने अरु कुनै उपाय रहेन ॥
५६.कमजोरी र गुण ठूलो औजार प्रयोजन गर्नेलाई,
कमजोरीले फेदमा पुर्याउन त गुणले शिखर चढाउन,
परक चलाउनेको, कसरी तिम्रो चुचुरा र फेद निर्धारण हुन्छ ॥
५७.तिर्खा केवल एक घुटको मात्र, पाउन भने समुन्द्र नै पायो,
तर तृप्ति कहाँ जब पिउनै नसके पछि देखावटी सागर ॥
५८.सेतोमा नमेटिने दाग लागेपछि, रंगायौ सेतैले छल नपाउने गरी भयले ॥
५९.तिम्रो गुणलाई देखेर पो खोला तर्न भनेको,
तिम्रो कमजोरीलाई घोँचेर कहाँ मर्न भनेको ॥

६०. अस्लाई दोष्याउनु सजिलो छ, औंली आफ्नै हो,
जहिले उठाउँदा पनि त भयो,
आँखालाई रसाउनु गाजालु छ, भौं-अलि चाप नै हो,
पहिले पठाउँदा पनि त भयो।

६१. समानता आउन पर्छ रे ! मार्क्सवादी भन्दै छन्
जीवन एउटा लीला, सुख-दुःख छन् नै
होइन शोषण, कर्म-फल वेद उपनिषद् भन्दैछन्
यी दुवैको लडाईंमा हामी चेप्टिएको छन्,
शोषण हटाउन तिमीहरु हाम्रो लागि लड्केको रे
फण जोगाउन, धरोहर बचाउन तिमीहरु आफ्नै लागि लड्केको रे,
आफ्नो लागि लड्नेले खै युद्ध जितेकै छ,
मुक्ति आओस्-नआओस् राज गरेकै छ,
यसैलाई तोड्न फेरि अर्को जन्मेको-जन्मेकै छ॥

ठेस

"गाउँको बाटो देखेकै थिइन रहेछु,
शहरमा सानो-सानो खाल्डो पर्दा,
मलाई पीड़ा हुने गर्थ्यो,
कसैले सैयौं दिन भोकै बसेर काम गरेको
देखेकै थिइन रहेछु,
एकछिनको भोक खप्न नसक्दा
तड़पिने गर्दै थिएछु।"

इच्छा

१. डर बोकेकाहरु पनि लड्न नै चाहन्छन्,अत्याचार छाए पछि डरै हटाउन|
२. अनुभूतिको आशाहरु मनभरि नराखी, बताससँगै मिलाउन खोज्छ चारैतिर|
३. आँधी सँग उड्रेर, चट्टान सित ठोक्किएर लड्दा,
अगाड्डि नै बढ्न चाहन्छ, एक सुत मर्न अघि|
४. दु:खी मन सबैको सामु हाँसेर बाँचेको भए पनि,
मन त फुकाल्न चाहेकै हुन्छ कतै, कहीँ कसैसित|
५. उद्देश्य सपनामा मात्र बनेर जान्छ, साकार भएको हेर्न आँखा खुल्लै छ|
६. आँखालाई बुझेकै थिएन, धपक्क बलेपछि,
खसक्क आँशु खस्छ, किन ?
७. तिरस्कारलाई पालेको व्यक्ति, आश्चर्य छ, प्रेम र सहारा बुझ्नलाई|
८. दीयोमा तेल सकिएपछि मधुरो हुन्छ, धैरै बेर बल्नलाई|
९. अन्धकारमा बसेकाले सपनामा प्रकाश देख्दा, विपनामा खोजिहिँड्छ
तिनै प्रकाशहरु कता ! कता !

विलीन

" आँखामा छारो बस्दा-बस्दा तिमी त रोइपठाएछौ,
हो म त्यही आँशु सित बगिपठाएछु,
रुवाइ त भावना भनेर होला,
त्यसै लत्ताइदिए मनको सानो कुनामा|"

तिमी किन बद्लिरहेछौ ?

खोलाको झर्ना हुँ भन्थ्यौं,
तर शीतको थोपा सित किन डराइरहेछौं ?
ज्वालामुखी हुँ भन्थ्यौं,
तर किन आगोसित डराइरहेछौं ?

मेरो छायाँ हुँ भन्थ्यौं,
तर म देखि नै टाढा किन गैरहेछौं ?
सधैं मिल्ने साथी हुँ भन्थ्यौं,
तर आज किन शत्रु भइरहेछौं ?

देशको निम्ति प्राण दिन्छु भन्थ्यौं,
किन आज देशलाई नै बेचि रहेछौं?
आमालाई माया गर्छु भन्थ्यौं,
तर किन आमा देखिनै भागिरहेछौं ?

खुला आकाश बन्छु भन्थ्यौं,
तर किन बादल भित्र लुकिरहेछौं ?
सधैं सस्थ दिन्छु भन्थ्यौं,
तर तिमी किन बद्लिरहेछौं ?

छन्द यात्रा

१) अनुष्टुप ८-८ चरण ५-।६ -ऽ १-लो-तेस्रो ७-ऽ दोस्रो-चौथो ७-।

दायी हो धर्म यो राम्रो, सोहै कपट मन्थन

भन्न मात्र भयो साच्चै, शान्ती कहाँ मिल्यो झन ॥

२) शशिवदना ।।।, ।ऽऽ, ।।।, ।ऽऽ (न य न य)

शहर गयो गाँउ अझ भ टाड़ा, मन-धनको चाप प्रिती भ ठाड़ा

कसम उसैको जनम भरीको, तर सहनु पर्छ मन अधुरो ॥

३) इन्द्रवज्रा ऽऽ।, ऽऽ।, ।ऽ।,ऽ,ऽ (त त ज ऽ ऽ)

पापी र धर्मी एकसाथै देख्दा, लाटो र सोझा झन खस्छ सोच्दा ॥

४) इन्द्रवंशा (त त ज र) ऽऽ।, ऽऽ।, ।ऽ।, ऽ।ऽ

सम्झन्छ त्यही क्षण दीपको दशा, मिल्दैन तृप्ति झन प्रेमको नशा

हेपेर दृष्टान्त उसै पसारि गो, सान्तावना नै त दियो र बुझ्छ है ॥

५) उपजाति १/३ (ज त ज ऽ , ऽ) ।ऽ।, ऽऽ।, ।ऽ।, ऽ, ऽ-२/४ त त ज ऽ, ऽ

(ऽऽ।,ऽऽ।, ।ऽ।, ऽ, ऽ)

छ बन्द आफै उ नजानु त्यसै, उस्को मिठो भाषणमा नरम्नु

गुणी छ त्यही जब झुक्छ प्यारो, तक्दीर निर्माण हुँदैन साह्रो ॥

६) उपेन्द्रवज्रा (ज त ज ऽ ऽ) ।ऽ।, ऽऽ।, ।ऽ।, ऽ,ऽ

मनै मरे, ज्यान गयो हुरीमा, संसार फेर्ने सपना ? गरीमा,

बरालियो बीच गली लजीला, हराए आस्था अगुवाहरूमा ॥

७) स्वागता (र,न,भ,ऽ,ऽ) ऽ।ऽ,।।।,ऽ।।,ऽ,ऽ

सिक्नु के छ र जँहा भए पूर्ण, भ्रम यो रहनु श्राप छ स्वर्ण,

उठ्छ नै किन उ पाए सबै नै, छैन है सरम लाज डुबे झैँ॥

८) शालिनी (म,त,त,ऽ,ऽ) ऽऽऽ,ऽऽ।,ऽऽ।,ऽ,ऽ

लागेको बानी छुटेको छ जँहा,जागेको मान्छे जुटेको छ त्यँहा,
भन्ला छुट्दैनन् नचाने छलीले, सक्छन् चाहे मर्न चाहे बलीले ॥

९) तोटक (स,स,स,स) ।।ऽ,।।ऽ,।।ऽ,।।ऽ

भएको मन भो धनको सजिलै, प्रित लाउनु खै कुन देश तिर
किन पाउछ कष्ट यहाँ सत भै, जब पुज्छ हरेक ढुङ्गा-पहरा ॥

१०) भूजङ्गप्रयात (य,य,य,य) ।ऽऽ,।ऽऽ,।ऽऽ,।ऽऽ

कहिले उ पानी सँगै बग्न खोज्यो, कहिले उ हावा हुँ भन्दै बथीयो,
नदीको किनारा कहिले टुङ्गेनन्, दिशाले सधैँ वायुलाई बुझेनन् ॥

११) स्रग्विणी (र,र,र,र) ऽ।ऽ,ऽ।ऽ,ऽ।ऽ,ऽ।ऽ

छाप छोड्ने कथा पूर्ण होला कहाँ, कर्म नै सिद्द गर्ने शिक्षा नक्कली,
आँटको बोलीले खोज्न वाध्ये जहाँ, पाउने आस छैनन् कि पृथ्वी भरी ॥

१२) वंशस्थ (ज,त,ज,र) ।ऽ।,ऽऽ।,।ऽ।,ऽ।ऽ

कसै त बाध्ने छ भनी डराइगो, बली यहाँ चड्न सबै नआउने,
कमी त नेतृत्व र जाति बीचमा, जल्यो मितेरी पनि जाल-साजमा ॥

१३) द्रतविल्बित (न,भ,भ,र) ।।।,ऽ।।,ऽ।।,ऽ।ऽ

कसम सम्झनु गाल पऱ्यो कती, बचन राख्नु विलास बन्यो क्षती,
किन र गर्नु अझै डर त्यागको, मतिर छैन नि प्रश्न उठे जती ॥

१४) बसन्ततिल्का (त,भ,ज,ज,ऽ,ऽ) ऽऽ।,ऽ।।,।ऽ।,।ऽ।,ऽ,ऽ

मारेर फूल भुलियो उ बनाइ माला, खोजेर भूल कसरी नि सुधार्नु चाला,
इच्छा भयो तर नमान्नु सकेन देख्दा, लागेन केहि नि उलाइ गदारि गर्दा ॥

१५) मालिनी (न,न,म,य,य) III,III,SSS,ISS,ISS

जनमभर गुमायो पाउने के छ आशा, शिर चरण एकै भो माग्नु छैन भरोशा,
इजत कदर बेच्यो है दिराख्यो निराशा,उसित नरहुँ भन्छौ छैन अर्को नि खासा ।।

१६) पञ्चामार (ज,र,ज,र,ज,S,S) ISI,SIS,ISI,SIS,ISI,S,S

कुटेर नै भलाइ हुन्छ भन्छ हो सही कसैले,
उठेन हात कुन्नि थाह छैन रोक्छ कि उसैले,
कठीन बुझ्न भो कसोरि जानु पछ्याउदै मो,
लिने कुरा नि देखिदन त फ्याल्नु प्राण व्यर्थको भो।

१७) शिखरिणी (य,म,न,स,भ,I,S) ISS,SSS,III,IIS,SII,I,S

जलेको जस्ले देख्छ शरीर खरानी भइ गको,
गंगामा देख्दा अस्थि पनि उ डुबेको भ्रम भयो ॥

१८) मन्दाक्रान्ता (म,भ,न,त,त,S,S) SSS,SII,III,SSI,SSI,S,S

हेप्यो-हेप्यो भनु त चुप लाग्ने सधैँ भन्छ नेता,
फेरी नेता असल उसले केहिलाई रु. दिदा,
फाल्ने भन्दै जुलुस जनताको ति नेता विरोधी,
सोझै बाच्छन् ति असफल बन्दै जनता भो रोगी ॥

१९) पृथ्वी (ज,स,ज,स,य,I,S) ISI,IIS,ISI,IIS,ISS,I,S

भुलेर सब कष्ट नाँच्छ जड़िया बनी मज्बुरी, बिसाउन नपाए पागल सरी रुमल्लिन्छ हैँ,
बनाउन केही सकेन कि कसो अतालिन्छ खै,
जरा नभएको ति उद्धित मर्छ कि टासिन्छ है ॥

२०) शार्दुलविक्रीडित (म,स,ज,स,त,त,S)

SSS,IIS,ISI,IIS,SSI,SSI,S

मीठो खानु नपाइ रुन्छ नि सधैँ झर्दैछ थोपा, शक्ति छैन विरोध गर्न
कमजोरी शब्द सुन्दैन,
निस्केनन् नि मलाइ थाम्न यस ओह्राली लड्केको, सुस्केरा छ जमातको
कसरि छाम्ने सास निस्सासिदा ॥

२१) स्रग्धारा (म,र,भ,न,य,य,य) SSS,SIS,SII,III,ISS,ISS,ISS

जाने हो भने ढोग गरी समय बर्बाद पार्ने किना हो,
माने कै हो सबैले त अझ सुख नमिल्ने भ दागी नलाई,
जिद्दी कस्तो तिमी हार्छ सब जय तिमीलाइ फाली,
लज्जा भेट्छौ नि यस फगत तिमीलाई आदार पाली ॥

२२) मत्तमयुर (म,त,य,स,S) SSS,SSI,ISS,IIS,S

बद्लेको भेट्छौ युग कस्तो नबुझेको,
त्यो पौधाले फूल फुल्यो जीवन साट्यो,
टास्सेरै बस्दा कहाँ हुन्छ रुढीमा,
गर्दैनौ केहि पनि नीलो भन गीता ॥

२३) रथोद्धता (र,न,र, I,S) SIS,III,SIS,I,S

भीड्को चलनमा तिमी गयौ, हारको जलनले तिमी जल्यौ,
मान्यता सफल युद्धमा पर्‍यौ, हार्न सिद्ध छ र जीतमा झर्‍यौ ॥

२४) मालती (न,ज,ज,र) III,ISI,ISI,SIS)

भनन तिमी कसरी जित्यौ चिंता, नगन तिमी कति भेट्छ बाध्यता,
अडिग रहेर बढे लक्ष्य मिल्यो, नत भएको जति आँट "नी" गयो ॥

२५)	दोधक (भ,भ,भ,ऽ,ऽ) ऽ।।,ऽ।।,ऽ।।,ऽ,ऽ

बोल्नु छलेर त होइन बाबा, आश छ त्यो र त खेदिन आजा,
सत्य रहेछ कि मान्नु उ राजा, निर्णय आफ्नु बनाउनु ताजा ॥

२६)	विद्युन्माला (म,म,ऽ,ऽ) ऽऽऽ,ऽऽऽ,ऽ,ऽ

जस्तै तड्पेको तृष्णा होस्, पृथ्वी जित्छौ भन्ने त्यो जोस्
भेड़ा सम्झे मान्छे लाटा, ठग्नेले सोचेको लाटा ॥

२७)	मन्दाकिनी (न,न,र,र) ।।।,।।।,।ऽ।,।ऽ।

जटिल छ सब भावना बुझन है, अटल भ दिल सम्झना आए झै,
कसरी पिएर बस्नु पीड़ा सधैँ, छइन असर पाए हीरा कतै ॥

२८)	पुष्पिताग्रा (१/३ न,न,र,य,--२/४ न,ज,ज,र,ऽ,ऽ)

नरम शिशिर चल्छ स्वच्छ डाँड़ा, जिउन उठे छुन सक्छ त्यो इरादा,
उतिर कलह बढ्छ घोच्छ काँड़ा, भय नगरेर बढे त्यो भाग्छ सोझा ॥

२९)	प्रहर्षिणी (म,न,ज,र,ऽ) ऽऽऽ,।।।,।ऽ।,ऽ।ऽ,ऽ

हत्केला तुरिन गयो चिया टिपेको, लुट्नेले त अति लुट्यो सधैँ सतायो,
फुस्केको लिएर शरीर माग्नु के-के, माग्ने नै बनिएर बाच्छु, दिन्छ जे-जे,
खोजेको पनि नरहे कुनै भरोसा ॥

३०)	मालभारिणी (१/३ स,स,ज,ऽ,ऽ) ।।ऽ,।।ऽ,।ऽ।,ऽ,ऽ (२/४
स,भ,र,य) ।।ऽ,ऽ।।,ऽ।ऽ,।ऽऽ

गएनौ उसको कथा बुझेको, नभ सन्देह भयो उज्यालो,
सहने उनि नै जुनी लुकेको, गहमा आँशु झर्यो पुछे ति कोल्ले ॥

३१) वियोगिनी (१/३ स,स,ज,ऽ)।।ऽ,।।ऽ,।ऽ।,ऽ (२/४ स,भ,र,।,ऽ)
।।ऽ,ऽ।।,ऽ।ऽ,।,ऽ

खति भो शहरी जमातको, अति राखेर घमण्ड उच्चता,
विष झैं भए याद गाँउको, कति कष्टी शहरे विपन्नता ॥

३२) शशिवदना (न,य,न,य) ।।।,।ऽऽ,।।।,।ऽऽ

मुख त मिठासे दिनु कति मीठो, मन नपरेको भए सब तीतो,
बहनु नदी नै गए उसकोमा, गन-गन गर्छौं उ तड्पिएकोमा ॥

३३) हरिणी (न,स,म,र,स,।,ऽ) ।।।,।।ऽ,ऽऽऽ,ऽ।ऽ,।।ऽ,।,ऽ

कण-कण गरी निकाल्यो हिम्सले गतको छवी,
जन-जन भरी बिलायो भ्रमको चकिलो दियो,
जगत भर नै छर्ने यो ज्ञानको अणु ज्योति झैं,
पढ्न नपरेकालाई छैन जीवनको चियो ॥

३४) झ्याउरे (१६ वा १७)

पढेको जस्तो गरेर मात्र हो इमान सच्चैन,लाटाले जस्तो मरेर मात्र इतिहास बाँच्दैन,
खुकुरी मात्र युद्धको बेला टल्काएर हुँदैन,उजुरी पत्र चढाउने खेला सल्काई हुँदैन,
अन्धकार यहाँ फिजेको बेला सुनौलो बिहान राजनीतिले नै आफ्नै घेरेटी भयो है चिहान ॥

३५) सवाई (१२,१३,१४)

गोर्खाल्याण्डको युद्धमा होमिएको बेला, सरकारले हुल्यो है बेकसुर जेल,
आफ्नै दाजु-भाई मराउने उस्को खेल, भेड़ा झैं जोतिरह्यौ बनी उसैको रेला ॥

३६) हाइकु (५,७,५)

बलेको दियो, आशा उमार्ने बाचा, निभ्यो कि झ्याप्प ॥
भ्रष्ट समाज, बेमेलको खेल छ, असल मर्छ ॥

अह !!! वर्ण यात्रा

अधकल्चे अगुवालाई अंगालेर अन्त्य अल्झियो,
अतृप्त अतीत अरूकै अपेक्षा अधुरै अड्कियो ॥
आँशु आउछ आँखाबाट आजादी आउने आशमा,
आयो आन्दोलन आयको आरोह आफ्नैको आरिसमा ॥
इन्कलाबी इतिहासको इसारा, इमारतमा इंगीत इन्सानी इन्साफको इरादा
ईंटा ईर्ष्यामा, ईखालु ईमान्दारीताको ईश्वरमा ॥
उखोधर्मको उपेक्षा उच्छृंखलता उपहार उपहासको, उम्क्यो उन्नति
उषाकालमै, उत्तेजक उपाय उन्नेको ॥
ऊहापोह ऊ ऊंचाई ऊच-नीच ऊर्ध्व ऊहारी ॥
ऋतुमती ऋजु ऋणग्रस्त ऋतुकालमा, ऋण ऋक्थदानले
ऋचा ऋणपरिसमापनको ॥
एषणा एकसूत्रको एकनिष्ठाको एकीकरणको,
एहसास एकाधमा एकाकी एकलकांटे एकजुटमा ॥
ऐरेगैरे ऐना ऐबी ऐतिहासिक ऐंठन,
ऐहलोकिक ऐरा ऐंचनु ऐन्द्रिया ऐयासी ॥
ओइलियो ओंठ ओकल्दा ओजस्वी ओखती,
ओइरियो ओज ओराल्दा ओहदा ओगटी ॥
औधी औढाहा औपहारिक औकात औसरको,
औतायो औंठा-छाप औंटाऱ्यो औंली औंस्याहाको ॥

कस्तो कमल किचड़को कष्ट कुनामा कोचारी,
किरण कीर्तिको कुतर्कले कुल्चिनु कसरी ?
खस्कियो खड्ग खहरे खोलामा खेलाइचीको खियाले,
खंगारियो खजाना खराब खेलामा खोक्रे खोपडीयाले ॥
गुनगुनाउनु गीत गुणगानको, गर्वको, गरीब-गुरुबाको,
गाँजियोस् गरिष्ठ गद्दी, गुञ्जियोस् गति गजबको ॥
घमण्डको घच्का घटुवा घड़ि-घड़ी,
घिनाउदैन घिच्याउन घुस घट घसारी ॥
चकमन्नतामा चन्द्रमा चम्किँदा चारैतिर,
चंचल चेतनाको चासो चरम चिन्तातिर
छताछुल्ल छन् छानोहरु, छट्पटाइरहेछ छाप्राहरु,
छाप्नेले छल्यो, छालहरु छल्क्यो छैनन् छेत्रीहरु ?
जतासुकै जलायो जनतालाई जनान्दोलनको ज्वालाले,
जन्ती-जनाजा जतातते जन्मायो जोत्यायो जोशको जालले ॥
झापटको झझल्कोले झस्काउछ झोकाउदै झनन,
झारेर झ्याल झूठको, झन्को झन्झट झेल्न ॥
टाकुरीमा टल्क्यो टीका टलक्क टक्राइदेउ टोप,
टिपेर टुडना टुक्रा-टुक्रा टार्नु टिठ्याउदै टहल ॥
ठ्याक्क ठोकिन्छ ठट्टा ठटेउला ठीक ठाने,
ठाँटलाई ठर्याउने ठहर ठ्याक्ल्याक्क ठाडे ॥
डुब्दैन डुङ्गा डोहोर्‍याए डग्मगाउदा,
डराउदैन डाक डगडगलाई डँड़ाउदा ॥

ढलेन ढोंगको ढाँचा ढाटेर ढोकेकोले,
ढीठो ढुक्क ढुङ्गा, ढुकुटी ढाडिएकोले॥
तापले तर्साउदैन तल्लिन तापसलाई,
तडले तुहाउदैन तर्क तिक्खर तमसङ्गै॥
थालनीमै थोपे थोत्रे थितिहरु थल्लिन्छन् थाटहरु,
थाकेर थर्थराउछन् थिचोमिचोले थेचारे॥
दु:शासनको दमनमा दीप्ति दन्किनेछ दु:ख देखेर,
दीर्घ द्रोहलाई दफनाउछन् दुर्बल दबेर॥
ध्याउन्नबाट धैर्यच्युत धारिलो ध्यानको धौ-धौ,
धुलाइन्छ ध्रुवतारा धोकाको ध्येयले धुतधातको धाक॥
निहुरिन्छ नववधु निष्ठाले नियमको नयाँ-नौलो नेत्रमा,
निन्दा निषुप्त नरहे नींवको निकास निष्कर्षमा॥
प्रीतको प्रतिज्ञाले पर्खौं पागल, पतनोन्मुख प्रेमी प्रणयमा पराजित॥
फकाएर फुलेको फूललाई फिजाई फर्शमा,
फलायोफल फूलैबाट फगत फुर्सतमा॥
बढाएर बोल्यो बाबा बनायो बलियो बन्धन,
बजाएर बाँझो बाजा बिकायो बिच्किँदै बढ्प्पन॥
भङ्गाले भङ्गालो भाँडिएर भातृत्व,
भरै भएन भूमीपुत्रमा भ्रमको भेल॥
मदपानले महको मिठासलाई मारिदियो,
मायालुले माताको ममतालाई मिल्काइदियो॥
यातना यो योद्धालाई युद्धको यादले,

युवा यो युगपुरुष युक्तिको योगले ॥
रिझाउछन् राम्रीले रमाउदै रविको रश्मी रातो रङ्गमा,
रुन्छिन् राम्रीले रिसाउदै राणाको रखौटे रुपमा ॥
लाखौं लेख्ने लक्षण लक्षित लक्ष्मीप्रसादबाट,
लिएर लत लेखनको लैस लोकतन्त्रबाट ॥
वल्लभकी वल्लरी वानिका वनिता,
वायुको वंशमा वन विनाश वसन्तबिना ॥
शकली शिक्षा श्रमको, श्रम शतावधानको,
शितलता शंशधरको, शशी शार्वरी शान्तिको ॥
स्मृतिको समागम सफल संयमीको सुयोगमा,
संरक्षण सधैं स्फूर्ति साथ सख्यको सहयोगमा ॥
हामी हार्यौं हरुवाको हैसियतले हेरिरहेर,
हेपिएकै हुन्छौं हिरासतमा हिम्मत हारेर ॥

सम्बोधन

जीवनलाई समयले छोड्सिकेको बेला
समयलाई भेट्न पर्छ भनी थाहा भयो
समय कहाँ छ भनेर खोज्दा
सङ्घर्ष गर्ने आत्मबल बढ्यो
मानिस-मानिसको आत्मीयता बढाउन
आत्मविश्वास र चाहिन्छ बुझाई पनि
यसैलाई आधार मानेर बनिएको हो
हाम्रो यो अविरल सम्बन्ध पनि

फूल

फूल भन्दा...
गुराँस, सयपत्री मात्र नगर सम्झने,
सम्झने गर त्यो फूलमाथि
जो तिम्रो भविष्यमा आउने|
बिश्वास नगर त्यो फूलमाथि,
त्यो त भोलि ओइलिर झर्नेछ,
उत्साह देऊ बरु त्यो कोपिला माथि,
जुन चै भोलि गएर फक्रनेछ |
फूल टिप्दा काड़ालाई नछुट्याउ,
काँड़ालाई पनि इज्जत देउ,
सुगन्ध भएको फूललाई मात्र नसुँघ,
सुगन्धहीन फूललाई पनि सुँघेर हेर,
पैसाले मात्र होइन तिमी,
बिश्वासले पनि फूल किन्ने गर,
हरेस नखाऊ तिमी यहाँ,
हारेका जीवनलाई पनि नयाँ मोड़ दिन सक्छौ |
तिमीले चाहेको फूल पाएनौ त के भयो ?
अझ तिमीले राम्रो फूल पाउने कोशिश गर,
तिमी केवल अवलोकन मात्र गरेर हेर,
धेरै नयाँ-नयाँ कुरा जान्नेछौ |

दार्जीलिङले फेरि शहीद जन्माउला

ज्ञानहीन जनता हामी, जब गर्छौं आँखा बन्द,
नयाँ-नयाँ एकाधिपत्यद्वारा
नष्टदायक उपायको सृजना बन्छ।
मान-सम्मान त दिइन्छ शहीदलाई उसको वीरताको,
तर कसलाई थाहा कसरी भयो उ शहीद ?
उसले त भनेन शहीद भइ फर्केर,
थियो उसकोमा शान्तिको चाहना,
लड़ाई भन्ने उसको होइन र थिएन बहाना,
आकांक्षा होइन उसको
आन्तारिक हृदयमा शहीद बन्ने,
तर यहाँ गल्ती छ शहीद हो भन्ने।
शहीद त ब्रोइलर कुखरा जस्तो बनाइएको हो,
मासु खानलाई पारिन्छ तयार,
बाहिरी भीषणता देखाउदै, मर्नु पर्छ उ,
मारेर आफ्नो ज्यानको प्यार,
शहीद होस् भन्नेहरु खुशी हुँदै छन्,
तर साधारण जनता त मौन छन्,
त्रास बोकेर बसेका छन्,
एकता महान भनेको त ट्याक्कै बुझ्दैनन् झन्,
जनतामा भएको कुरा भयङ्कर हुन्छ तर,
गर्न पर्छ उसले त्यो कुरा मात्र पर,
फेरि भत्काइने छन् जनताको घर,
कोइ पट्टि पनि छैन हामी जनताको भर,

दार्जीलिङमा भएका भन्ने यी कन्ट्र्याक्टर भनौदाहरु,
खुशी हुदैछन् कन्ट्र्याक पाउनेछ भनी,
चलिरहेछ शहीद-स्मारक बनाउने योजनाहरु,
भकु-एक मसालाको स्मारक बनाउन,
कहिले हुन्छ अब फेरि शहीद भनी,
व्यस्त छन् सबै मानिस,
रीतिकार आफ्ना भाषण बनाई जनतालाई जोल्न,
कविहरु कविताको प्रहार गर्न,
व्यंग्यको हाँसोमा रुमलिदिन,
आलोचकहरु जनतालाई सचेत पार्न,
उचाल्न र थेचार्न,
पसलेहरु रासन थुपार्न,
लोहारहरु हतियार बनाउन,
तर चिन्तामा छन् जनताहरु,
सोच्छन् उ भनी कता सरु ?
शहीद हुने लड़ाई गर्दा,
लड़ाई गराउने हुन्छ पछि पर्दा,
पर्दा पछि तिनी ढुक्क हुन्छन्,
तर ! पैसाका लागि बिक्नेहरु लड़ाई गर्छन्,
नबुझ्ने सीधाहरु भुप्रन्छन्,
डरछेरुवाहरु खुकुरीको आँड़मा हिड्छन्,
र म्याङ पनि हुन्छन्,
भय मान्ने हामी साधारण जनता,
छाड़िदेऊ भय मान्न बरु बनाउ एकता ॥

विवरण व्यक्तिबारे

वाध्यता विव्हलता तर वीर र विवेकी,
मलिलो मन तर मान्दैन माया मार्न,
दुःखी तर द्वन्द्व पनि देखाउदैन ढोंगी दृश्य,
उकुसमुकुसिएको उल्काको उद्भव
मनमा, मष्तिष्कमा मनाउछन् मीठो मिजाजले,
कलिलो विचार तर कोशिश कड़ा, क्लिष्ट,
दुःख न सुख तर अनुभव उत्कृष्ट उसलाई,
तर आफ्नो र अरुको सबै नै अनुभव,
बुझ्नलाई बिन्ती विवेकले विचारेर विरोध पनि,
सत्यको सुमार्ग अनि स्रोत साथमा,
तर रहेको छ अन्धविश्वासको परम्परा,
परम्परागत प्रकृतिमा पाइएको प्रशंसा पनि पक्का,
समाजमा सत्यले सुधार सठीक सपार्न सुयोग्य,
त्यसैले तृष्णा तड्पिरहेछ तिम्रो तर्कले
तस्करहरुलाई तिरस्कार तुल्याउन,
मुखमा मौनता मनमा मानिसको मानसिक मानवता,
अनुरागको आकांक्षामा अवरोध अवहेलनाको,
अपूर्ण अनुराग अवसरलाई आशय,
अवशेष अनुरागी अवस्थामा असहयोग,
असन्तोष, असुविधा आफूलाई,
अरुको अशिक्षित, अशिष्ट, अशुद्धीपनले
आदान-प्रदान आचरणको,
त्यही शैली मन पराउने भएको,
मोतीको झैं मोहनी मानव-मर्कादिखिको मुक्ति,

मिलाप मानव माझमा मिठास,
मान महिमा महान्, महानतामा माल्यार्पण,
मिलनसार मित्रवर्गमा माया मार्फत,
सुखको सम्वृद्धि शुभकामना शुभेच्छा सबैलाई,
सधैंलाई सफल सङ्कल्पसाथ सत्यको सुबाटोमा
आएर अँगाल आफ्नो आत्मविश्वासलाई
भ्रमको भुवरीमा भासिन्छौ,
भ्रष्टाचारको भारी भावना भेट्छौं
तर भोलि भविष्यका निम्ति,
भूल भावनाको भण्डा फोर्नुमा नै
भलाई भद्रताको,
दुःखलाई देख्दा द्वन्द्वको दृश्य दर्शाउ,
दबाउमा दबाउने दलालहरुलाई देऊ दण्ड दरिलो,
नरहनु निराधार नैतिकतामा, नासियोस् नित्य नकाबी,
त्यसैले तिमीभित्रको भावनाको शक्ति बाहिर बर्साऊ,
प्रत्येक पीड़ितवर्गको पेशामा
पक्का प्राप्त गर्नुपर्छ परिवर्तन,
त्यसैले तिमी तयार बस,
जानु छ जन्जालमा जुँधिरहेका
जनताको जीवनमा ज्योति जलाउन,
अनौठो अनुभूतिको आविष्कार आँक्न ॥

सौगातको मार्मिकता

वाध्यता जस्तो लाग्छ मलाई,
तिमीलाई केवल केही न केही अवसर पारेर
कहिल्यै शुभकामना प्रकट गर्न
कसैबाट आशिष प्रदान भएको
तिम्रो चिरञ्जीवी जीवनको निम्ति
तिम्रो लागिआउने सुनौलो दिनहरुका निम्ति
तिम्रो लक्ष्य प्राप्तिको निम्ति
तिम्रो असल चरित्र निर्माणको निम्ति
केवल केही न केही खुशीको आभास गराउन
दुःखको बेला उत्साहको जागरण
संवेदना प्रकट गरेर
तिमीलाई खुशी तुल्याउन खोजेर
तिम्रो तुलना राम्रो-नराम्रोसँग गरेर
तिमीलाई खुशी पार्नकै निम्ति,
उत्कृष्ट ठहराएर,
गरेको आडम्बर, के तिमीलाई सही लाग्छ ?
तिम्रो भविष्य तिमी आफै बनाउछौ
एक्लै पनि होइन, नत्र अनौठो हुनेछौ,
कसैको केही सङ्कल्प लिएर
ढोंगी शुभेच्छा होइन
व्यावहारमा ल्याऊ सृजित विचारहरु समय सही पारेर
सही उपयोग गर तिमी दह्रिलो बन्नलाई,
सुलक्ष्य तिम्रो प्राप्त गर्नको निम्ति ॥

सम्झौता

कति निर्मम संसार, साच्चै नै निर्मम,
हाँसो खोजे भुल्लाइदिन खोज्छ,
एकछिनको मजामा,
फरक शोषित र शोषकको,
शोषकले सधैँ नै मजा लिइरहेछ, शोषित रोइरहेछ,
अझ मजाको कुरा
शोषित भित्र पनि शोषकको बास, औ निर्माण,
नहुनु भन्दा काना मामा निको भनेर,
खुशी हुँदै नहुनुभन्दा,
अल्प खुशीमा नै मानिसलाई शान्त पार्‍यो,
निष्ठुर शोषकले गरीबलाई रुवाएर
आवाजै सुकाइदिइसके पछि, ढुक्क छन् शोषकहरु,
तर जब रोइसक्छन गरीबहरु,
तिनीहरुले हजारौ वर्षदेखि खोसिएका
खुशीहरु खोस्ने छन् एकैपल्टमा,
तब..?
तब के हुन्छ ? तब के गरिन्छ ?
केवल...

माया

ए माया !
जालहारीलाई माया !
आफ्नो प्राणको ? कि जालको ?
युगौदेखि हुरीसित जुझिरहेको जालहारीलाई
आफ्नो ज्यानको भन्दा बढ़ी त,
जाल कै लाग्छ नि माया,
त के उसलाई मायालु भनु ?
ए साथी !
साथीको माया भनुँ कि साथको,
साथी ? साथी त धेरै नै हुन्छ,
साथ पो पाइँदैन त,
त्यसो भए साथको ?
नपाउने चीजको धेर माया,
त जीवन संगी चै,
नपाएसम्म धेरै माया,
पाएपछि हुन सक्छ पैतालो मुनिको छाँया
पाए पनि नपाएको जस्तै भए,
के हुन्छ त्यसलाई धेर माया ?
स्वार्थीको हातमा परे,
सुनमा पनि खिया पर्दोरहेछ,
नभए हिलोमा फुलेको कमल जस्तै हुन्छ,
ए फूल !
त्यसो त फूलको माया कि त्यसको सौन्दर्यको ?
अवश्य नै त्यसको सुन्दरताको

फूल त सबै ठाउँ पाइन्छ, तर सौन्दर्य ?
अह !
मानिस चैँ ? ए मानिस !
साँच्चै नै मानिस
मानवता भएको मानिस,
सत्यको निम्ति प्राण त्याग्न सक्ने ?
पाइहाल्दैन |
र त्यही उसको सौन्दर्य हो,
यहि नै उ प्रतिको माया हो,
तर सौन्दर्य नभएकोले माया गर्दिन ?
अह ! होइन |
असौन्दर्यलाई माया नगरेर नै सौन्दर्य हराएको हो,
त उसको क्षमता जति छ त्यति नै हो,
उसले पाउने माया ?
सबैले सबैलाई माया गर्न सकिन्न,
त्यसैले यहाँ मायाको परिभाषा बद्लाएर
आफूलाई जोगाउन अनि
त्यो नै उसको माया हो |

म भित्रको चाहना

खुशीको पलमा नै बाँचेको नभएपछि,
खुशी कसरी देखाउन सकुँला,
पाकेको फल नै नखाएको भएपछि,
त्यसको स्वाद कसरी वर्णन गरुँला।
जीवन ? मृत्यु ? त्यस्तैहरुको अल्झनमा,
माया, घृणा औ त्यस्तै,
तस्वीरहरुको अल्झनमा अल्झेर,
खुलेर हावासँगै कसरी बग्न सकुँला,
मेरो चाहनाहरु कसरी अाँटुला।
संसारको सानो संसार भित्र,
म,
अल्झिएको छु कसैको पर्खाइमा
कतैबाट म, केवल 'म'-लाई
कहीँ, यो संसारमा त्यो ठूलो संसार
देख्न सकिन्छ भनेर,
तर चाहना मात्र मनमा राखेर,
त्यो ठूलो संसार, म कसरी देखुँला ? म आफै कसरी हेरुँला ?
अल्झन, बन्धन, दमनहरूमा नै रहेर,
"म" आफै कहिले हटुँला ?
"म" आफै एकदिन "म" कहिले
"म"-को परिचय दिन सकुँला ?
त्यो ठूलो संसारमा॥

म त खै

मलाई रिस उठेको मनपर्दैन रिसाउने मानिसलाई होइन,
तर रिस उठाउनेलाई चैँ।
मलाई प्रेम नगरेको पनि मनपर्दैन, प्रेम नगर्नेलाई होइन,
तर प्रेम गर्न नजान्नेलाई, नसिक्नेलाई।
मलाई शोषण गरेको पनि मनपर्दैन, शोषण भएकाहरुलाई होइन,
शोषण गर्नेहरुसित चैँ।
मलाई नसिकाएको पनि मनपर्दैन, नजान्नेलाई होइन,
तर यथार्थ नबुझाउनेलाई।
मलाई अबुझ पनि मनपर्दैन, नबुझ्नेलाई होइन,
तर बुझ्ने कोशिश नगर्नेलाई।
मलाई चुप बसेको पनि मनपर्दैन, न त चुप राखेको नै,
यथार्थ छुपाएको, अत्याचारलाई, सहेको,
एकता हुन नदिएको, तिमी-हामी अज्ञानी भएको,
हामी एकक्षण हाँसि पठाएकोमा।
त्यसैले हामी रिसाउनु परिरहेछ,
तर रिस उठाउनेहरु बसिरहेछन् आफ्नै सिंहासनमा,
हामी शोषित छौँ, कारण शोषक पनि छन्,
र हामीलाई यो मनपर्दैन, खै के गरुँ बुद्धिजीवीहरु धेरै छन्,
तर बुझाइदिने कोही छैन,
र शान्ति पनि छैन नि हाम्रो मनमा,
त्यसैले हामीहरुले
तिनीहरुलाई मखुण्डो बाहिरबाटै चिन्नुपर्छ।
हामीले आफ्नो, हामीलाई मनपर्ने
संसारको निर्माण गर्नुपर्छ॥

चाहना

चाहन सबैको एकै किसिमको,
बिथोलिएको मन भत्केको दुनियाँमा,
बसेर पनि आकाशको तारालाई,
स्पर्श गर्ने रहर केवल रहर,
अमर आनन्दको निम्ति,
केही क्षण मनमा शान्ति ल्याउन,
योग्य त छ, तर अपरिचित,
महत्वहीन भएर बाँच्नु छ,
समय समस्याको सोंचको सृष्टि,
सङ्घर्ष समाधान सृङ्गार्न,
आफ्नो प्रयासमा जोश आफ्नो जीवनमा,
आफ्नो मनमा उब्जिएका सबै असन्तुष्टिहरु,
निवारण गर्न सक्ने सन्तुष्टिको खोजी
जीवनमा केही क्षण भए पनि,
महत्त्वपूर्ण हाँसो हाँस्न पाउन, व्यर्थको हाँसो होइन,
सत्यको खुशीमा बाँच्ने रहर,
थोरैको होला, यस्ता आकांक्षा
तर प्रायः अर्थहीन जीवन जिउने
व्यवस्थामा बाँचेका छन्,
उसलाई कसरी प्रगतिको माध्यम थाहा हुन्छ र ?
चाहन्छन् प्रगति मनको हर्षको निम्ति,
चाहना सबैको समान सन्तुष्टिको
तर फरक लिएका छन्, अर्थहीन रुपले त अर्थपूर्ण रुपले।

तिम्रो इज्ज़त कसरी गरुँ ?

तिमी मानिस ? तर कसरी मानिस ?
यदि तिम्रो व्यक्तित्व नै छैन भने,
तिम्रो इज्जत ? कस्तो इज्जत ?
यदि तिम्रो अस्तित्व नै छैन भने |
तिमीलाई कसरी चिनेर बोलाउनु मैले ?
यदि तिम्रो परिचय नै छैन भने,
तिमीलाई सुखी छौ भनेर कसरी भन्नु ?
यदि दुःख, जलन, ईर्ष्या बोकेर हिडेको छौ भने |
तिमीलाई दयालु कसरी भनुँ ?
यदि दया गरी प्रगतिहीन बनाइदिन्छौँ भने,
तिमीलाई धर्मी म कसरी भनुँ ?
यदि ईश्वरको नाममा लुट्छौ भने |
तिमीलाई शिक्षक कसरी भनुँ ?
यदि बुझाउनुको सट्टा विषय तुर्छौ भने,
सिक्न चाहनेलाई जिस्काएर हेप्छौ भने,
तिमी आफूलाई विद्यार्थी सँग तुलना गर्छौ भने |
तिमीले जानेका छौ !
त्यसैले त तिमी शिक्षक नजान्नेलाई सिकाउन,
तिमीलाई म यथार्थवादी प्रेमी-प्रेमिका कसरी भनु ?
यदि भुलेर सामाजिक कर्तव्य र उद्देश्य
अल्झिएका छौ ती अनुहारका आकर्षणमा,
ती शारीरिक लालसा र मनोरञ्जनमा |
तिम्रो प्रशंसा कसरी गरुँ म ?
यदि तिमी योग्य नै छैनौ भने,

तिम्रो समर्थक कसरी बनु म ?
यदि ममा कुनै राम्रो उन्नति नै आँउदैन भने,
तिमीलाई विज्ञ-विद्वान कसरी भनुँ ?
यदि तिम्रो ज्ञानको तल्लोवर्गकाले अवसरै नपाए,
तिमीलाई कलाकार म कसरी भनुँ ?
यदि तिम्रो कलाले समाजमा प्रगति ल्याउन नसके,
त्यो कला पुँजीवालालाई मात्र भए,
तिमीलाई शक्तिशाली पनि भन्दिनँ,
दुरुपयोग भइरहेछ तिम्रो शक्ति,
तर तिम्रो शक्तिको प्रभावमा परेर
भक्ति गरेर हिँड्ने कुनै भक्त होइन म !
तिमी पनि यस्तै हौ,
जो, अरुमाथि रहेर काम गर्छौं,
लाज लाग्नु पर्ने हो,
आफै पनि गर्न सक्छौ, तर ? गर्दैनौ ।
बरु गर्व गर्छौं आफैलाई,
मलाई ती कुटनीतिज्ञहरुलाई गाली गर्ने इच्छा छैन,
लुप्त हुन थालेको छ सबै इच्छा,
सबैबाट नै गाली पाँउछन, बानी नै भइसकेकोछ,
पचाउने शक्ति पनि त छ नि !
र तिमी लाटो, तिमी नै अन्धो पनि,
तिमी बैहो र तिमी विवेकहीन ।
तर पनि तिमीसित सर्वगुण सम्पन्न भए जस्तो,
कुनै सन्धेह नै नभए जस्तो,
हामी यथार्थ देख्न, सुन्न, बोल्न, सोंच्नै पाउदैनौ ।
दिदैनन् कसैले पनि वञ्चित छौँ हामी,

यसैकारण हाम्रोमा आत्मविश्वास छैन
विलौना गर्छौं।
जसले सत्य अवलोकन गर्छ,
उसको निम्ति जस्तो मात्र हुन्छ,
यो समाजलाई बुझ्न ! के तिमी चाहन्छौं ? सत्य खोतल्न थाल !
सक्छौ तिमी पनि, तिम्रो पनि छ विवेक।
भ्रममा बस्न मजा आँउदैन त्यसैले सत्यलाई बुझ,
तिमीलाई म एक श्रेष्ठ प्रतिनिधि पनि भन्दिनँ,
तिमीले त हामीलाई किन-बेचको सामग्री पो बनायौ
तिम्रो एकजनाको मोलमा हामीलाई पनि बेच्छौं।
प्रतिनिधि भनेको गोठालो त होइन,
अनि हामी जङ्गल चर्ने भेड़ा-बाख्रा पनि त होइनौ,
तिम्रोमा भाइचारा छ भनेर कसरी भनुँ ?
यदि एकार्कालाई जालमा पार्छौ भने,
तिमीलाई हाम्रो दक्ष रक्षक कसरी भनुँ ?
यदि पैसाको निम्ति जीवन सुम्पेको छौ भने।,
तिमीलाई विशिष्ट न्यायाधीश कसरी भनुँ ?
आफूलाई मन नपरेकोमा अन्याय गर्छौं भने
सत्य तँ नबोल् भन्छौं भने,
तिमीलाई सुधारक म कसरी भनुँ ?
नजान्नेको गल्ती देखाई हकार्छौं भने,
कुनितिको मार्गमा तिमी आफै हिंड्छौ भने,
संशोधन नै तिम्रो भूल छ भने,
त्यसैले तिमी जे हौ, त्यसैमा जीवन बिताऊ,
ढाटेर जीवन नबिताउनु,
भूल गरेर पनि प्रगतिलाई बिर्सने नहुनु।

निराशावाद

एक्लै फुलेको फूल केवल एकजनालाई,
चुड़ाँउन पनि सजिलो,
तर यहाँ त डल्लै बथैँचाको जरुरत छ,
खड़ेरी लागेको होइन, पानीले चुटेको पनि होइन,
एकदमै स्वच्छ, ढकमक्क फुलेको,
छुन पनि डराउने, चलाउन पनि हिचकिचाउनुपर्ने
ज्ञानको भण्डार होस्, तर्कले सजिएको होस्,
राम्रो भाउ दिन्छु भनेर फकाउने व्यक्तिहरुलाई,
आश्वासन दिन सङ्कोच होस्,
तिम्रो प्रश्न सुनेर, तिम्रो अर्ती सल्लाह पाएर,
यी तिमीलाई, म तिम्रो माली भनेर
हेरचाह राख्छु भन्नेहरुलाई,
तिम्रो जीवन नै सपारि दिन्छु भन्नेहरुलाई
तिम्रो भविष्यको बारेमा सोध र आफै खोज,
भिन्नता पाउनेछौ अवश्य,
यिनीहरु आफै नै त शिथिल छन्,
हो यसैले यिनीहरु ढोंगी पनि छन्,
आफैले पनि पाएनन् ती ज्ञानहरु,
तिमीहरुलाई पनि दिदैनन् र सक्तैनन् पनि,
तिमीहरुलाई राम्रो मल-जल स्वच्छ आहार
वर्षामा न त पानीदेखि जोगाऊ, न त जाड़ोबाट नै,
तृष्णामा न त तृप्ति न त भोकमा अघाइ नै,

यस्तै नै छन् हाम्रा हेरचाह गर्नेहरु
केवल आफ्नो स्तरीय शक्तिको बलमा
झुठा आस्वाशनमा नै आधिपत्य जमाउछन्,
यिनीहरु गलत छन्, सबैलाई नै थाहा छ,
तर यस गल्तीलाई बद्लाउनको निम्ति
राम्रोमा किन डराउछौं बोल्न पनि,
अब बोलन !
एक भएर, जब बोल्छौ, समय आफै सही भइहाल्छ,
तिम्रो चुपले फेरि अन्याय अझ बढ्छ कडोरौं माथि,
र सबै निर्भर हुन्छन्, सबैनै बाँधिन्छन् बन्धनमा
कसैको अधीनमा परतन्त्रताको
तर एकताको त होइन नि
आफैमाथि धेरै सन्देहहरु बोकेर,
विश्वास नै छैन आफैमाथि
तर सपना देख्छौं आकास छुने,
तर कहाँ सक्छौ,
अनि अरु कसैले गरिदिन्छ,
ल्याइदिन्छ भन्ने आशामा,
नबस र तिमी आफै जानु पर्छ,
तिमी आफै लड्नु पर्छ,
दृढ आत्मविश्वास लिएर,
हामी तिम्रो साथमा छौं एकत्रित भएर,
हाम्रो लक्ष्य हामी आफै पाउन,
नत्र घोटाला भएको हुनेछ ॥

प्रक्रिया सपनाको योजनाको

तिम्रो सपना, शुभेच्छा, आफ्नो जीवन सुखद तुल्याउनार्थ
शान्तिको शुभकामना तिम्रो, स्तरीय जनसमुदायलाई,
तर उसको चैँ योजना आफ्नो आधिपत्य जमाउनार्थ,
अनुरोध जस्तो आदेश, सपनाको आश्वासन,
तिमीलाई असम्पूर्ण पार्नार्थ, बिलौना गर्ने बनाउनार्थ,
सपनाहरु तोड्दिनार्थ, निषेध गरिदिनार्थ,
विचारपूर्ण बन्धनमा बाँधेर,
शोषक कै पछ्यौटे बनाउनार्थ, तिनीहरुको प्रयास,
थोपा-थोपा गरी गाग्री भराउदैछन् तिनीहरुले,
तर भरिएको गाग्रीलाई उमालेर,
बाफ बनाई वातावरणमा मिलाइदिने,
आगो बनेर निस्कने थोरै नै कम छन्,
तर गाग्रीलाई भराउनेहरु त डराउँछन्,
बाहिरी विचारमग्न आवेगमा मात्र,
आफूले बटुलेका शक्तिको प्रयोग(प्रदर्शन) गर्दछन्,
असत्यको अटालिमा अड्रेर,
तर के थाहा, अब खरानीको उत्पत्ति तिनीहरुबाटै हुनेछन् भनी,
वातावरणमा मिलेको बाफबाट नयाँ वृष्टि गराई,
नव-संसारको आरम्भ गर्नेछन् ती आगोले,
अब संसार, शोषण विहीन, ज्ञान अर्जित, एकतापूर्ण,
अन्वेषित सत्यमा आधारित, आत्मविश्वासी
एकदमै सुखद समानतापूर्ण, सन्तुष्टिको आभास ॥

विवरण जीवन शैलीबारे

लक्ष्य लिएर बगेको खोला, आफ्नो दिशातर्फ नै जान्छ,
जाने पर्छ नत्र सफलता पाँउदैन,
सफलता लक्ष्य प्राप्तिको, मार्गमा हिँडाइ पहिलोपल्ट,
केही नयाँ त केही पुरानो जस्तै,
अनुभव जीवनभरलाई,
तर बिर्सने पनि सम्भावना,
बिर्सन्नँ तर सङ्घर्षमा परेका ती अवधि,
परिस्थिति र स्थल,
बिर्सन्नँ म कहिल्यै सफलताको मूख्यांश नै यही,
तर खोलाको बाटोमा बाँध लगाएर,
छेक्नेहरु धेरै नै छन्,
खटाउनेहरु कम छन् र धेरै शक्तिशाली छन्।
कब्जा गेरेर बेच्छन् आफ्नो शक्ति प्राप्तिको लागि
खोलाको वेग घटाइदिन्छन्, उन्मादको भेल आउँछ भनेर,
आफ्नो महलको नष्ट गरिदिन्छ भनेर,
जो जति छन् पवित्र, छन् स्वच्छ
आफ्नै बनाँउछन् तिनीहरुलाई उनीहरुले
सिल ठोकेर बोतलमा, अबोध गराई
व्यापार वाणिज्यको निम्ति
बजारमा किनबेचको सामग्री बनाइदिन्छन्
थाहा नै पाँउदैनन् क-कसले किन्दैछन् बेच्दैछन्,
र कसको निम्ति हुनुपर्ने थियो,
तर कहाँ थाहा पाँउछन्,
अधीनमा बसेकाहरुले, सिमित ज्ञान लिएर बाँचेकाहरुले ,

तिर्खालाई तृप्ति दिनै सक्तैनन्,
अनि त्यही संसार नै राम्रो मान्छन् तर बाँध नाघेर जानेहरुले त
सत्यलाई अनुभव गर्न सक्छन् , भेट्याँउछन् पनि,
तृष्णालाई तृप्ति प्रदान गर्छन्, आफ्नो स्वतन्त्र जीवनको निम्ति लड्छन्,
अधीनमा राख्नेहरुसित ॥
तर बोतलमा राखिएकाले त बुझ्न नसकेर,
मुक्तिको सङ्घर्षको ध्यान नै दिदैनन्,
तर बुझ्छन् बोतलबाट घोप्टिएर, फेरि आएर खोलामा नै मिसिन्छ जब
स्वतन्त्रताको आनन्दलाई बुझ्छ, तब समान हुन चाहनेहरुले
निश्चित रुपमा लक्ष्य प्राप्त गर्छ ॥

आशा

आँधी हुरी तुफान चलिरहेछ, मनमा शङ्का-उपशङ्काहरुको बास,
धिपधिप गरिरहेको बत्ती, निभ्दैन भनेर पर्खिरहेको छु,
खडेरी, अनिकाल चलिरहेछ, मनमा भोक र सन्त्रासको बास,
तर पनि समयसँग लडिरहदा, म फूल माली बिनाको,
फुल्ने नै छु एकदिन, खुल्ने नै छु एकदिन,
यो मेरो विश्वास, सफलता पाउने नै छु,
किन कष्ट सहेर पनि, जीवन जिउनु त हो,
आँसुले हाँसो पखाल्ने होइन, बरु उल्टो
हाँसो के हो त्यो पो बताउने, त्यसैले म,
आँधीमा निभ्ने, खडेरीमा मुर्झाउने,
विश्वासबिनाको बत्ती औ,माली नभए अस्तित्व नरहने,
फूलमा विश्वास राख्दिन ।
किनभने आशाको दीयो कहिले पनि निभ्दैन,

कसको निम्ति ?

तिम्रो उत्कृष्ट कला छ त्यसैले तिमी कलाकार,
छैनन् यहाँ अहिले त्यति कलाबाट गर्ने प्रहार,
तिम्रो कला उत्कृष्ट भएर के भो,
तिमी महान कलाकार भएर के भो,
जब कि तिम्रो कला पैसा हुनेहरूलाई मात्र भए,
नहुनेहरूले सुन्न धरी नपाए।

तिम्रो कलालाई के राम्रो छ भन्नु,
V.I.P. भएर हिँड्नेहरूलाई मात्र सुहाउँछ भने,
तिनीहरूलाई मात्र रहेछ हक कलामाथि
पैसासित विनिमय हुनेछ।

कलामा उन्नति ल्याउनु पनि पैसा नै चाहिन्छ
निस्वार्थ भएर बाँच भन्नेहरु पनि
स्वार्थी भइ आइ दिन्छ।

हामीबाट प्रस्तुताएका प्रतिनिधिहरु
पैसाका लागि मात्र बाँचिरहेका छन्
कलाकारहरु पनि पैसाकै लागि
कला प्रस्तुताइरहेका छन्॥

चाहिएको पक्का मान्छे

शिक्षित नै हो, परिस्थितिले अशिक्षित भयो,
परम्परागत यो बाँच्ने ढाँचा आफैमा मख्ख पर्ने,
संसारलाई हेर्ने बाहिरी दृष्टि नै छैन
भोक पुर्तिले मात्र पनि सन्तुष्ट रहन सक्छौ
तर बौद्धिकताको भोक कहिल्यै लाग्दैन
हामीलाई बानी नै छैन
विवेकको अभाव हुनु भनेको
बाहुनलाई च्याउको भोक लाग्यो रे
भने जस्तै हो, त्यस्तै त हुन्छ
बरु, रक्सीको, तोङ्बाको तृष्णा लाग्ला
हामी आफ्नो भाषा नै पढ्छौं
तर शुद्ध अमिश्रित भाषाको बोलाइमा
तिमीलाई साहित्यिक भन्छ है,
त्यसैले तिमी नबोलन ल, बुझिदेऊ
किन सो ? तिमी साहित्य पढ्छौं, बुझ्छौं, लेख्छौं
तर तिमी साहित्यिक त होइनौ,
र तिमीलाई साहित्यिक भनेर मख्ख पार्छन्,
ती पढ़ेका अबुझहरुले पनि,
त्यसैले मख्ख नपर्नु है लाज पर्ला ! सानो कुरामा !
उ त्यहाँ हेर त बिचरा, उसको आँखा भरि आँशु छ
पढ्ने उसको एउटा रहरले गर्दा
तर उसका माता-पिता प्रतिक्षामा छन्,
कहिले यसले कमाउने र खुवाउने भन्ने ध्येयले,

तर पढ्नका लागि आतुर विद्यार्थी पढ्ने पाँउदैनन्,
बाल्यकालमै कामको खोजीमा लाग्यो
कमाएर खुवाउन पर्‍यो, पाल्नु पर्‍यो
कारण समाजले नै कहाँ दिन्छ र !
उसको कोही रहेन छ !
र उ समाजको टुहुरो नानी बन्यो,
यस्तै त छ यहाँको समस्या औ स्थिति,
उ सहायताबिहीन बन्यो,
आफ्नो खुट्टामा उभिन त खोज्छ
तर !
धेरै कोशिश गर्दा-गर्दा घुडासम्म टेक्न सक्ला,
तर समाज गंगटोले बनिएको हो,
थ्याच्च बसाइदिहाल्छ।
धारावाहिकमा जस्तै कता-कताबाट के-के बन्छन्
त छुट्टिएर फेरि अर्कोसँग जोडिएको वास्तविकता,
तर त्यो जिउदो समाजको टुहुरो नानी
सौभाग्यले कुनै कम्पनीको मालिक त बन्दैन
त्यसरी धारावाहिकमा जस्तो कता-कताबाट
किन ? किन कि यो यथार्थ हो,
तर यस सत्यलाई कसले बुझ्ने हाम्रो यस समाजमा ?
बौद्धिकताको उपस्थिति नभएको समाजमा
हो यस्तै कारणहरुले गर्दा
हामी स्वयंलाई सम्मान गर्न सक्तैनौँ
अस्तित्वहीन छौँ,
त्यसैले त भनेको मख्ख नपर्नु नि ल,
खानु लाउनु बस्नु नामको लागि त

कुनै गुफामा बस्दा पनि प्राप्त हुन्छ
यति मानै मख्ख ? ल ठीकै छ, केही मतलब छैन
केही तिम्रो भित्रबाटै गर्छु भन्ने धारणा नै छैन
दामी-दामी कुराको के सपना देख्छौं ?
अपरिपक्व व्यक्तिले केही ठूलो काम सम्हाल्नै सक्तैन,
यो त लङ्गड्ोले साइकलको सपना देखे जस्तो हो नि,
ज्यादा खादा तिम्रो शरीरमा पचाउने शक्ति पनि त हुनु पर्‍यो
नत्र ? नत्र विरामी पर्छौ ।
तिम्रो इच्छा ? इच्छा पनि त्यस्तै हो ,
आफैलाई जाँचेर हेर,
स्वतन्त्रता मानिसको जन्मसिद्ध अधिकार हो,
तर मानिस भनेको
चेतनशील, श्रमशील, संवेदनशील वा प्रगतिशील हुनु हो
तर यी गुण छैन भने चैं
पक्का जंगलमा बस्ने असभ्य
र त्यसको इज्जत कसरी हुन्छ ? सोच त
त्यसलाई इज्जत दिए
स्याललाई मानिसले ढोके जस्तै हो
र स्याललाई नमस्ते त गर्दैन नि,
नमस्ते गर्ने पनि स्याल नै हुन्छ,
तर स्यालले नमस्ते नगरे तापनि
त्यस मानिसमा मानव भावना त हुन्छ,
अवहेलना चैं गर्नु भएन
किन कि उ पक्का मान्छे हो,
र पक्का मान्छेको समाजमा सम्मानको अभाव
अस्तित्वको खाँचो पूरा भइ नै राखेको हुन्छ ॥

स्मृति

एकछिनको हेराइ क्षणभरि नै,
तर पनि स्मरण बसिरहन्छ
दु:खको वेदना दु:खभरि नै,
तर पनि सुख हाँसिरहन्छ ॥
दुइ विचारको समागम, नयाँ सृजनाको सृष्टि
शुद्ध आचरणको आगमन, पवित्र प्राकृतिक दृष्टि,
उ त्यहाँ त्यो नक्सा हेर, त्यो ऊ.....
उसले नै हो बनाएको
उसको आकृष्ट कला प्रदर्शनी तिम्रो आँखाको सामु,
उसले नक्सा बनाँउदा उ त्यस भित्ताको पोस्टरलाई
अवलोकन गरेको थियो, हो त्यसैलाई सारेको
उसको त्यो आफ्नो सृजना होइन, तर पनि हेर त
कति राम्रो, सुन्दर स्वच्छ नव प्रतिभा प्रदर्शनी जस्तै छ
हो मैले त धोका खाँए, तिमीले पनि झुक्कि पठायौं होला
जबसम्म त्यो अरिजिनल फोटो देखेकै थिएनौ
हो, त्यस्तै हुँदोरहेछ अहिले,
जबसम्म अरिजिन थाहा पाउन सक्तैनौ
तबसम्म धोकालाई नै साँचो मानेर बसिरहनु पर्छ,
फलानाको विवाहमा उसले बनाएको नक्सा,
मैले भित्तामा टाँसेको देखेको
कारण त्यस घरकोले उसको मेहनत
जुन फोटो बनाउदा लगाएको थियो ॥

रण

गम्भीरताको गीत गाऊ गगनको गति
गद्यमा गहिरो गाँठो गरी,
तिरस्कारलाई त्याग्न तिमी तयार,
अरुको आवेगी आश्रय, आदेश आज्ञापालन
असम्भव अचानक आए,
निकृष्ट नतुल्याई निन्द्रा नाघेर न्याय निष्पक्ष निर्णय
निपुण निर्देशन निर्माणमा नियुक्त
ज्वालापूर्ण जिद्दी जालीको जालसाजीमा
जिद्दीको जसरी पनि जीत
लिखित लेख लजाएर लाजले लुकाउनु
लोकप्रियताको लगभग लाभ लगन-लोभलाई ललकार ॥

एषणा

बोल्न खोज्छु, हाँस्न खोज्छु, पूर्ण माया दिन खोज्छु,
तिम्रै सपना देख्न खोज्छु, तिमीलाई नै सधैँ रोज्न खोज्छु,
तर के गर्ने म असमर्थ छु, संसारिक बन्धनले बाँधिएको छु,
तिमीलाई मैले चाहेको छु,तिम्रो छवी मस्तिष्कमा लिएको छु,
तर तिमीलाई भुल्ने साधन मैले मेरो इच्छाको मार्गमा पाएँ,
माफ गर तिमी मलाई, अरु कसैको आकर्षणले गर्दा भुलिपठाए
तर भुले त के भो, सम्झना त राखेकै थिएँ,
मायाको विशाल भाग तिमीलाई सुम्पिएकै थिएँ,
साँचो प्रेम तिमीमा थियो कसरी म भुलिहाल्न सक्छु,
तर जे सुकै होस्, म तिमीलाई नै पर्खि बस्नेछु,
सधैँलाई, सधैभरी नै तिम्रो मायाको निम्ति ॥

समर्पण (आदि कवि प्रति)

अन्धकारमा रहिँहदा तड्पिरहेको जीवनमा,
प्रकाशको ज्ञान नभएकालाई उज्यालोमा ल्याइदिने
बुझ्न नसक्ने प्रकृतिको पनि वर्णन
मनोरञ्जन दिएर जान्ने बनाइदिने
उही नै हुन् ज्ञानको बाटो देखाइदिने
जीवन धान्ने माध्यममा
सुनौलो, उत्कृष्ट, मनोहर भविष्यको
कारावासमा रहने कैदीहरुलाई पनि
ज्वलन्त विश्वास भराइदिने आफ्नो स्वतन्त्रता
आफू बोल्ने भाषा जातिको पक्षमा
अबोधपनको लोप गरी
सबैलाई सरलताको आवाज दिने सरससित
सत्यलाई अँगालेर सहीलाई नै समर्थन दिने
सत्यको निम्ति बलिदान आफ्नो क्षमताले
सक्ने सबै दुष्कर्मको नाश गर्ने,
प्रतिबन्धमा परेर पनि प्रतिशोध गर्ने अत्याचार प्रति
तिनीहरु कै कमजोरीपनको साधनमार्फत
विज्ञ नै भए पनि निम्नबाट पनि
ज्ञान उपभोग गर्ने र गराउने त्यसैले नवज्ञानको स्रोत
असम्भव भनिएको क्रियालाई पनि
अवलोकन गराएर साधारण तुल्याउनमा सफल
त्यसैले नै छन् उनी अन्धकारमा प्रकाश ल्याइदिने
त्यसैले उनी हुन् आदर्श व्यक्ति,
विशिष्ट र उत्कृष्ट पनि ॥

प्रतिकूल

अन्धकारमा हिंड्न गाह्रो नै हुन्छ
तर हिंड्दै छु अनुभवको आधारमा
आज मेरो ढेक नै नसर्ने गतिको कारण
मेरोमा प्रतिद्वन्द्वीको ज्वाला पड्कन सक्छ/खोज्छ
चिच्याउन खोज्छ
ती मेरा अनुभवदाताहरूलाई
तर अन्धकार छ अलि शान्त भएरै हिंड्न पर्छ।
चुसी-चुसी सुकिसकेका शरीरहरु
केही मीठा सपना नै देखिरहेका होला
तिनीहरूलाई कहिले त आनन्द तुल्याऊ
त्यसैले म मेरै दर्जाका दुःखभोगीहरूलाई
निन्द्रामा बाधा पुऱ्याउन्न चाहन्न
र यहाँ त हामीलाई चुस्नेहरु पनि त छैनन्
त्यसैले म चिच्याउन सक्तिन
तर पनि आक्रोश त छ मेरो मनमा
यदि म मलाई चुस्नेको बाटो
हिंड्न परेको भए देखि, मलाई रिस नउठ्ने थियो,
कारण त्यहाँ त रमाइला सङ्गीतका धुनहरु
औंलाको इशाराको नाँच बाटाभरि धेरै पाइन्छ,
र बाटो पनि सजिलो छ, ठेस नै लाग्दैन गतिवान छ,
बाटोभरिको भुल्याउने चीजहरु
हो साँच्चै नै भुल्याइदिन्छ मलाई सोंच्न
अझै रम्न मन लाग्छ त्यही ॥

शिथिलता

बाँच्न, हाँस्न परिरहेछ,
उसको खुशीमा,
मन नपरेको समाजमा
गाउन नाँच्न परिरहेछ,
उसको उत्सवमा, तिम्रो वेदनामा
तर तिमी त बन्धित भएछौं
उसको अधीनमा रहेर,
उसको शोषणलाई सहेर
ज्ञानबिहीन बनेर |
मौन आज्ञा उसको,
आफ्नो शक्तिको आँड्मा
जनताको दुःख वृद्धि,
जागृत सङ्घर्षको अभावमा
जनता अब आफ्नै सोंचमा अग्रसर भई लड्नुपर्छ
तिमी अब उसको होइनौ आफ्नै निम्ति बाँच्नुपर्छ,
दुखितको विलौना व्यर्थ,
रहेर बसे स्वार्थ भावमा,
साहसको दर्शनको अर्थ आफ्नै हक प्राप्तिको आशामा
तिम्रो निम्ति तिम्रो आफ्नै संसारको निर्माण गर्नुपर्छ,
प्रतिनिधिको उपेक्षा, तिम्रो आफ्नो लक्ष्य
सुखद जीवन पाउनको निम्ति
सन्तुष्टिको भाव छर्नको निम्ति ॥

मलाई बाँच्न डर लाग्छ

हो शायद म कमजोर भएर नै होला
मलाई डरको आभास भएको
डर आफूप्रतिको डर
आफै भित्र गाँठो परेको डर बाँचिरहेको वर्तमानमा,
आफ्नो अस्तित्व खोज्ने क्रममा,
इतिहास बुझ्न खोजेछु, बुझ्न थालेछु
इतिहासमा म भन्दा कैयौं सयौं
साहसी व्यक्तित्वहरुको वर्णन भेट्दा
सत्यलाई बुझ्ने क्रममा म आफैलाई
एकदमै कमजोर नै रहेछु
त्यस सूत्रको अघि
अनि मलाई मर्न आँट आयो
त्यही आँटले मलाई यही वर्तमानमा मारिदिए
एउटा शिथिल विचार सम्झेर
मलाई त नयाँ, जटिल बलियो विचार
सृजना गर्नु रहेछ
हो, त्यसैले त्यही सत्यको सूत्रको आधारमा
मैले मेरो मृत लाशमा
सत्यको सूत्रको प्राण हालिरहेछु
पोषण दिन सके बलियो होला
तर कमजोर भइ अब उसो झुक्दैन
बाँच्ने शैली पनि मर्ने आँटमा पनि कुनै चिन्ता छैन
छ त बस शुद्ध, स्वतन्त्र विचारको प्रसार
स्वतन्त्र व्यक्तित्वको चिनारी ॥

जीवन चिन्तन

मीठो सुगन्ध भएको फूल, त्यसको आकर्षण,
सौन्दर्य र प्रशंसा देखि अलि पर पनि त
त्यस माथि अरु केही विचार होला !
जसले फूललाई फूल मात्र नदेखेर अझ रमाउन सक्छ,
त्यसरी नै रमाउन नपाँउदा, त्यस फूलको सुवास नघट्ने चैँ होइन,
जीवन यसरी नै प्रगतिशील छ, त्यही फूल ओइलेर झर्दा जीवन,
ओइलिनु हुँदैन तर ओइली पनि दिन्छ, तर पनि जीवन संवेदनशील छ,
अब त फुली पनि सक्यो नभनेर, नयाँ फूलको आगमन हुन्छ भन्ने
आशाले मन खुशी भइदिन्छ, अनि त जीवन चेतनशील छ,
अनि जीवन बाचुञ्जेलसम्मको एउटा अनुभव
आमाको गर्भबाट सुरु भएर, धर्तीको गर्भमा सकिने जीवन,
मृत्युको नामले आतंकित छ,
यो एउटा रोग नै भएको छ, र केवल एउटा मृत्युको डरले
हुरी बतास पनि रोकिरहेको छ, पैहो सुतिरहेको छ,
भूइँचालो आउनलाई आतुर छ,
तर के गर्नु भौगोलिक परिवर्तन निषेध गरिएको छ,
यो अन्धाधुन्धाको जीवन नै प्यारो छ
तर यहाँ हुरी-बतास, पैहो र भूँइचालोलाई निमन्त्रणा छ,
आएर यी जीवनको मृत्यु होइन तर डरको मृत्यु गरी
एक आँटिलो हृदयको निर्माण गरिदियोस्
जहाँ एउटा फूल राम्रो फुल्दैमा मख्ख नपरोस्
औ ओइलिएर झर्दा विलौना नपोखाओस्
प्रत्येक कोपिला कै महत्त्व होस्, र कोपिला के हो सो बुझेको होस् ॥

दुबिधा

मजदुरवर्ग र मालिकवर्गद्वारा बनिएको यो संसारमा,
शोषण गरेका छन् मजदुरलाई मालिकले
शोषकको विरुद्ध मजदुरलाई
आवाज नउठाउने बनाइसकेको छ ॥

के तिनीहरुको केही हक छैन ?
यस विषयमा जानकारी पाउने
कोही पनि केही सोध्न-जान्न आए
यी हाम्रा विज्ञ-ज्ञानीहरुकोमा समय छैन,
वाक्क लाग्छ, पैसा छैन भनेर फर्काउने गर्छन्

तब कहाँ जाने? कसलाई सोध्ने ?
जब जान्नेले नै नसिकाए पछि
त्यसैले गाली गर्ने मन त हुन्छ तर गर्दैनन्
यिनीहरुलाई बानी नै भो गाली पचाउने
असर नै पर्दैन

त्यसैले प्रतिनिधिलाई चुनौती छ
तिम्रो प्रतिनिधित्व राम्रो बनाउनुपर्छ ॥

अब तिमी बद्लिनुपर्छ

अहिलेसम्म तिमी निदाइराखेको थियौ
बिहान भयो अब तिमी जाग्नु पर्छ।
अहिलेसम्म तिमी चुप लागेको थियौ
बेला आयो अब तिमीले मुख खोल्नुपर्छ।
डराइरहन्थ्यौ सधैँ तिमी, अब साहसी बन्नु पर्छ।
अहिल्लेसम्म केही गरेनौ तिमीले
अब अन्यायको विरोध गर्नु पर्छ।
दिनमा मात्र हिंड्थ्यौ तिमी, रातमा पनि हिड्न सिक्नुपर्छ।
दुःख मात्र पाए भन्छौं तिमी, सुख पनि खोज्नु सिक्नुपर्छ।
मेहनत मात्र गर्छौं तिमी, किमत माग्नु जान्नु पर्छ।
पैसावालाको मात्र सेवा गर्छौं तिमी,
गरीबको पनि साथ दिन जान्नु पर्छ।
लड़ाईं मात्र परिरहन्छौं एक-अर्कामा,
लड़ाईं पराउने चिन्नु पर्छ।
काम मात्र गरिबस्छौ तिमी,
ठगिखानेलाई तिमीले चिन्नुपर्छ।
राम्रो मात्र वर्णन गर्छौं तिमी, नराम्रो पनि भन्न सक्नु पर्छ।
अहिलेसम्म मिलाप छैन एकार्कामा, एकता तिमीले ल्याउनुपर्छ।
बोल्छौं भने सधैँ तिमी, भैरहेको घटना भन
झुठो आश्वासन दिनेहरुको, प्रतिवाद तिमीले गर्नु पर्छ।
अहिलेसम्म थाहा थिएन ज-जसलाई, उसले यो थाहा पाउनु पर्छ।
अहिलेसम्म तिमी बदलिएको छैनौ,
समय आयो अब तिमी बदलिनु पर्छ, अब हामी बदलिनु पर्छ॥

जीवनवोध

मैले त भनेकै थिँए तिमीलाई ,
म काँड़ाको बाटो हिँड़ेर,जीवन बिताउदै आएको मान्छे,
अनुभव कतै पूरा भए त कति अपूर्ण, अपरिपक्व,
जीत र हारसित क्षण-क्षण लड्दै आएको मान्छे,
खुनको घुट्को पिएर, भूँड़ीको लाम्टा ढाड़मा टसाएर पनि,
जीवनलाई गति दिरहने मान्छे,
रुनु त करले रुईने हो, तर हाँस्नु पाओस् भन्ने आशामा
धेरै क्षण रोएको मान्छे
आँशु शायद सकीसकेकोले मेरो, तिम्रो सामु रोएको बेला,
बुझेनी तिमीले बुझ्न नचाहेकोले गर्दा,
सुनेनी मन भित्रको तड्पन र धिट्धिटो, सुन्न नचाहेकोले गर्दा,
त्यसैले तिमीले मलाई हाँसेको मात्र देख्यौं,
केवल मन खोलेको बेला,
र माया ?
माया...! सुनेको ! देखेको !
एउटा आदर्श प्राप्ति नै ठानेको, आदर र सत्कारले
सधैं नै सजाएर राखेको,
विपनामा पनि मायाको सपना देखेको,
जीवनको ठूलो पाटो यसैलाई समर्पण गर्न चाहेको,
एउटा ठूलो मायाजालको सपनालाई,
यथार्थमा एउटा शक्ति रुपमा चिन्हित गर्न चाहेको,

मायाको नाममा लागेको दोषहरूलाई पनि, हटाउन प्रयास गर्ने मान्छे,
धेरै आशा र आकांक्षा मनमा राखेर, निर्दिष्ट भै बाँचेको मान्छे,
यस्तो बेलामा तिम्रो आगमन,माया र भावनाको जालमा,
एउटा साथीको रुपमा, एउटा सँगीको रुपमा,
आत्मीयताको कुरा भने एउटा साँचो प्रेमिकाको रुपमा,
र मैले शुरुबाट नै माया गरें, तिम्रो मायालाई आदर गरें आदर्श ठानेर,
पवित्र, स्वच्छ, साँचो तिमीले चाहेको जस्तैहरु,
तिमीले पनि मलाई त्यसो नै भन्यौं,
मलाई बिश्वास गर्नमा शङ्का लागेन, बस गरें, गरिबसें,
सागरमा डुब्दा सूर्यको किरण कम भए झैं,
निस्सासिएको भान नै भएन, हावाको आवश्यकता पर्छ जसरी,
बढ्रिह्यो अब मायाको बाटो, थाहा छैन कहाँ सम्म,
बाटो अन्जान थियो, फेरि हिँड्सिकेको बाटो फर्कन नमिल्ने,
केही हिँड्केको नै थिएनौ, तिम्रो रंग बद्लिहाल्यो,
जसरी चुनामा हर्दी पर्दा रातो हुन्छ,
तिमीले मलाई अर्कै पस्केको थिएछौ,आफैलाई लोभ्याउने बनाउन खोजेछौं,
जलपमात्रलाई पनि खाटी सुन देखाउन खोजेछौ,
तिम्रो आफ्नोपन जे थियो अर्कै देखाउन खोजेछौ,
तर म दिनलाई दिन नै भनेर चल्ने र रातलाई रात,
तिमी जस्तो थियौ त्यस्तैलाई अप्नाउन चाहने,
तर तिमीले गलतलाई सही नै बनाएर पस्किरह्यौ,
तिम्रा यी सबै गल्तीहरुलाई एकपल्ट माफ गरेर,

तिम्रो "एक पल्ट फेरि सुध्रिन्छु" भन्ने वाक्य मात्र पनि सुनेर,
मैले तिमीलाई अप्नाउन खोज्नु , एउटा खील मुटुमा गाड्नेर,
सधैं भरिको लागि गाड्नुभन्दा केही कम थिएन,
जुन म यता-उता, तल-माथि, कतै हल्लिदा वा झस्किँदा,
पनि दुख्ने कहिले नबिर्सिने चोट थियो, र मेरोमा त्यो खिल गाड्यो,
तिमीबाट अलिकति पनि पुरानै भावका हावाहरु बग्दा पनि झस्कन्थे,
तिमीले पर्वाह गरेनौ, तर मैले तिमीलाई अपनाए,
मलाई तिम्रो माया चाहेको थियो, न कि तिमीसित,
निरर्थक पलहरु बिताउन,
तर तिमीलाई यो थाहा थियो, बुझेकै थियौ,
मैले जीवनमा परिवर्तनको बाटो रोजेको मान्छे,
आफैलाई पनि परिवर्तन गरेर, तिमीलाई सुधार्नु मात्र नभएर,
परिवर्तन गर्छु भन्ने मान्छे,
तिमीलाई परिवर्तनको कुरा मात्र गर्न, अरुको अघि केवल देखाउन,
नजान्नेको अघि जान्नेको जस्तो स्वभाव देखाउन,
तिमीलाई एकदमै राम्रो लाग्थ्यो, त्यही गरि बस्यौ,
तर साँचो अर्थमा त्यस्तो नै बन्न भने चाहेनौ,
परिवर्तनको बाटोमा घस्नु पर्थ्यो,
त्यो सबैबाट बाँच्न खोजिरह्यौं, जोगिन खिजिरह्यौं,
देखावटीको संसारमा तिमी बाँचेको थियौं,
ढोंग गरेर हिँड्ने गर्थ्यौं, जसले तिम्रो चरित्रमा दाग लाग्यो,
त्यसलाई मुखले चै हटाँउछु भनेर, व्यवहारमा भने त्यही उतारी रह्यौ॥

बाँच्न नै ?

बाँच्न ? बाँच्न त म ,
माटो पचाएर पनि बाँच्न सक्छु ,
बाँच्न मात्र हो भने ,
केही गुनासो बिना नै
हाँसेर रही दिन सक्छु !
तर , सधैँ नै यही "तर" आइदिन्छ ,
तिमीहरुकै सभ्यताको नासो न हो यो ,
सभ्यता सिकाउने तिमी ,
विकास गरी हिँड्ने तिमी ,
यस्तै-यस्तै मानिसको जीवन
जिउनलाई धेरै सजिलो पार्ने '
साधन तयार पार्छु भन्ने तिमी ,
सबै कुरा निर्धारण गर्ने तिमी ,
सही गलतको परिभाषा दिने तिमी,
फेरि अर्को "तर"
तर तिम्रै परिभाषामा मेरो जीवनले मेल नखाएको देख्दा
तिम्रो लहलहैमा आफ्नो सपनाहरु भताभुंग भएको पाँउदा ,
छर्लाम-छुर्लुम भएर फुटेका
मनका सपनाहरुलाई हेर्दा
खैं मलाई तिम्रो लागि अझ
सही दिन मन लागेन |

म नसक्ने भनेको होइन ,
तर ;
तिम्रो दशवटा गाली र दुइ थप्पड-को बादमा ,
सबै रिसहरुलाई नै सुल्लाइदिने ,
तिम्रो "मीठो सरी"-हरुमा
अब भुल्लिँदिन मात्र भनेको ,
यसरी धेरै 'सरी-हरुमा' मलाई
कतिपल्ट किन-बेच गरेछौ ,
त्यो सुटुक्क भए पनि गनेको ,
अहिले नै तिमीले थाहा पायौ भने , रिसाउछौ होला
मलाई पनि तिम्रो अघि ,
नराम्रो हुन त मन लागेको होइन ....
त्यसैले तिमीलाई लाग्थ्यो ,
म जे पनि गर्न सक्छु भनेर ,
हो, यो साँचो पनि हो |
म जे पनि गर्न सक्छु ,
टन्टलापुर घाममा पनि ,
पसिना पिएर तिर्खा मेटाउन सक्छु ,
दशैँमा पनि पुरानै लुगामा मन भुलाउन सक्छु ,
तिमीहरु सबैलाई मीठो निन्द्रा दिएर ,
रातभरि म जागै बस्न सक्छु ,
आफू खाली खुट्टा हिँड्न परेभने पनि ,

तिम्रो खुट्टा सधैंनै जुत्ताले सजाइदिन सक्छु
अफ्नो मातृशोक पर्दा पनि ,
तिम्रो विवाहमा रमाइदिन सक्छु ,
खाली पेट रहे पनि तिम्रो आज्ञा ,
हाँसी-हाँसी पालन गर्न सक्छु ,
तिम्रै निम्ति प्रेमिकाको माया त्यागेर पनि ,
यो प्राणको पनि बली चढाइदिन सक्छु ,
भन्नुहोस न तपाईं
यस्तै-यस्तै धेरै म गर्न सक्छु ,
तर म त मान्छे पो रहेछु ,
तपाईंकै सभ्यताको परिभाषामा ,
मेरोमा पनि त इच्छा , आकांक्षा ,
स्वाभिमान , अस्तित्वको भाव नभएको होइन ,
तर तिम्रो अघि राम्रो भैरहने ,
ढोंगी सोचको बोझले
उकुसमुकुसिएका थिएछन् ,
फुत्कनु कसरी पाओस् पनि ,
दबिदानै मलाई बक्सिस् पनि दिन्थ्यौ ,
चाप्लुसे गर्दा नै पद पनि बढ़ाइदिन्थ्यौ ,
यसरी चुप बस्नलाई धेरै प्रलोभन दिन्थ्यौ ,
म भुल्लिनै रहेँ ! तिमीले भुल्लाइ रहदा
मज्जा मानीनै रहेँ

तर
तिमीले बनाएको परिभाषा
आफूलाई मात्र लागु गरेर
उम्रेकालाई पशु बनाइदिँदा ,
तर जे भए पनि हामी मान्छे नै त हौँ ,
पुर्खाको काम त आउने सन्ततिले पूरा गर्छन्
यो मान्छेले भने
तिमीसँगको रिस त धेरै वर्षौदेखि थुप्रेको
कसरी बिर्सिनु ?
कहिले हातले हिर्कायौ त कहिले नछुई नै रुआयौ
त कहिले शब्द/वचन-हरुले तड्पायौ ,
र हामी शान्त रहेको अझ फाइदा उठायौ ,
शताब्दीदेखिको आकार फेरि-फेरि ,
गरिने अत्याचारहरुको बोझ बढाइरहयौ ,
तर , म अब नसक्ने होइन ,
गर्दिन नै भनेको ।
तिम्रो अघि राम्रो बन्नलाई ,
मेरो स्व:लाई मर्न दिन्नँ म ,
कनिकाको खोले खाएर बाँच्न सके पनि
तिम्रो लागि बाँच्दिँन म ,
गर्न जे नै सके पनि म ,
तिम्रो निम्ति गर्दिनँ म ,

बरु तिम्रै परिभाषाको जगेड़ा गर्न ,
सबैलाई मान्छे बनाउनमा लाग्छु ।
दु:ख सहेर बस्न सकेपनि ,
सुख खोज्न लड़ाई नै गर्छु ,
आफूलाई मुक्ति दिलाउन ,
म नयाँ पाइला खोज्छु ,
नयाँ बाटोमा आई पर्ने बाधाहरुलाई नष्ट पार्दै ,
गोरेटो तयार पार्छु ,
सपनाको त्यो नयाँ शहर ,
मेरो घरभित्र नै भित्र्याउछु ,
अब म ढुंगा चबाउन सके पनि ,
खीरको नरमपन नै यो दाँतलाई दिन्छु ,
त्यसैले अनौठो तिम्रो सोचाइ ,
मेरो साकार सपनाको जीतले ,
जित्छ भन्ने निश्चितताको साथमा देख्छु ,
नभए ! नभए ?
.तब परिभाषा म आफै बनाँउला ,
तिम्रा जस्ता खुशीहरु मेरो पनि घरमा आउँला
त्यसैले म पनि ,अनुभूतिको सँगालो
माया-प्रीतिको अँगालो लिएरै बाँचुला ,
जीवनको प्रत्येक क्षण नै
बाँचेको अनुभव गरुँला ।

अभिलाषा

मेरो चाह तिमी थिएनौ, तर म तिम्रो चाह थिएँ
म तिम्रो खुशी थिइन तर, त्यसैले तिमी मेरो भइनौं
तिमीलाई मैले माया गरेको, तिमीलाई प्राप्त गर्नु थिएन तर
म तिम्रो मायामा थिइनँ, तर केवल तिम्रो खुशीहरु मात्र थिए
त्यसैले खुशी नै दिइरहेँ
चाह र मायामा फरक हुन्छ र नै विलीन सबै हुन सक्तैनन्
खुशी मबाटै पाउन पर्छ भन्ने नियम छैन कतै पनि बिधानको
त्यसैले जाउ तिमी, जहाँ छ शान्ति, तिम्रो मनले छानी-छानी ।

स्वाभिमान

कति बाँच्नु लहरा भएर, थाङ्ग्राको सहारा लिएर
जति रुनु छहरा भएर, साङ्लाको पहरा खिएर
वृक्षको प्रशंसा नै अर्कै, हिमालय मुस्काए जस्तै
उभिन सकेपछि आफ्नै खुट्टामा, सबै भय लज्जा बिलाए जस्तै
स्वाभिमानको गोरेटोमा, प्रत्येक पाइला नै गर्वित भए यस्तै
घस्रँदाको चोट र सँहदाको खोट, ठाडो नजरसित डराएपछि मस्त ।

निक्यौंल

मरुसित डर लागेको मात्र होइन तर्सेको पनि
हिमालयमा प्राण भागेको मात्र थिएन, बर्सेको खुशी पनि
कति विविधता मरु र त्यो उच्च चोटिको
मरुले लिन्छ ज्यान, जाडोले कक्राएर, तापले पग्लाएर
हिमले दिन्छ प्राण, स्वच्छताले फक्राएर, जपले फैलाएर ।

वास्तविकता

समयसीमा त सबैको छ नि, सधैँ वसन्त कहाँ हाँस्छ र
पूर्ण छ र नै त औँशी पनि, दीवाको चम्किलो सूर्य गोधुलीमा अस्ताउछँ
घृणा छ र नै त प्रेम पनि,
घमण्डको चम्किलो फुटानी माधुर्यमा पस्ताउँछ ।

किरायको घर

धेरै भ मैले मेरो आफ्नै कोठाको किराय तिरेको
पुर्खाले मरम्मत गर्न नसक्दा उसको भत्याङ गिरेको
के गर्नु आज, छैन आफ्नो केही, टोपी झऱ्यो शिरको
रुनु, हाँस्नु, पस्ताउनु वेदना पोख्नु कति मन पीरको
दशैं तिहार आँउछ सजाउँछ यो किरायको कोठालाई
रङ्गाउछु, सिङ्गार्छु सधैँ भइ परायाको गोठाल्याई
चिटिक्क देखिन्छ पनि, मन मोहित हुन्छ त्यसै पनि
घिटिक्क अड्किन्छ तर हाँसो, सोच्दा अर्काकोमा बसाई छ नि
जति नै आफ्नो भनौ पराय भइदिन्छ
हुन त आफ्नै हो तर शङ्का खनाइदिन्छ
अति नै बाँचे यो देशभित्रको परदेशमा
संस्कृतिका छापहरु छैनन् भित्रको परिवेशमा
सृजना गरुँ या कलाको उन्नति
हुँदैन सञ्चय बनेर यो आफ्नो सम्पत्ति
परिचय त घर मालिककै आँउछ नि
कोठामा जति नै उज्यालो भए पनि, अरुले त अँध्यारो नै पाँउछ नि
खैं आफ्नै घर चलाउन पनि कति लुते म,
रीसमा आएर कति पिए अनि अति नै सुते म ॥